जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं ।
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ ११ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 25 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५०

## विवादित जग्गामा महानगरको अस्थायी तरकारी बजार

प्रस, वीरगंज, १० माघ/
वीरगंज महानगरपालिकाले विवादित



जमीनमा अस्थायी बजार स्थापना गर्दैछ। वीरगंज महानगर–४ भगवती राइस मिल क्षेत्रमा रहेको १ बिघा ७ कठ्ठा जग्गा सम्बन्धमा अहिले जिल्ला अदालत पर्सा र सर्वोच्च अदालतमा मुद्दा चलिरहेको छ ।

विचाराधीन अवस्थामा रहेको सो मुद्दाको फैसला नहुँदै महानगरपालिकाले अहिले फेरि अस्थायी बजार स्थापना शुरू गरेको छ। यस अघि महानगरपालिकाले सो स्थानमा माटो भर्दा अदालतले मुद्दाको फैसला नहुँदासम्म सो स्थानमा कुनै कार्य नगर्न महानगरलाई निर्देशन गरेको थियो।

वीरगंजका ताराचन्द केडियाले जिल्ला अदालत र सर्वोच्च अदालतमा वीरगंज महानगरसहित नेपाल सरकार, मालपोत विभाग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगविरुद्ध सो जग्गा सम्बन्धमा मुद्दा दायर गरेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले वीरगंज महानगर–४ स्थित एक बिघा ७ कठ्ठा जग्गा ऐलानी पर्ती भनेर नेपाल सरकारको नाममा दर्ता गर्न मालपोत विभागलाई २०६६ सालमा निर्देशन गरेबमोजिम मालपोत विभागले नेपाल



वीरगंज महानगर–४ भगवती राइस मिल क्षेत्रको जग्गा। तस्वीरः प्रतीक

सरकारको नाममा उक्त जग्गा नामसारी गरेको थियो । सोविरुद्ध ताराचन्द केडियाले अदालतमा रीट गरेका हुन्।

वीरगंज महानगरपालिकाले उक्त जग्गामा पहिलेदेखि गुदरी बजार रहेको दाबी गर्दै आएको छ । सोही कुरालाई प्रमाणित गर्न यस अघि महानगरले सो जमीनमा माटो भर्ने काम गरेको थियो। एक दशकपछि अहिले पुनः सो जग्गामा बाँसको छाप्रो बनाएर अस्थायी बजार निर्माण गरिंदैछ। विपी उद्यानमा रहेको तरकारी बजार तत्कालका लागि सो स्थानमा राखिन लागेको नगरप्रमुख विजयकुमार सरावगीले बताए । उनले मुद्दा विचाराधीन अवस्थामा रहेको तर नेपाल सरकारको नाममा भइसकेकोले महानगरले त्यसमा अस्थायी बजार स्थापना गर्न लागेको बताए । मुद्दा विचाराधीन भएकै कारण महानगरले त्यसमा ठूलो लगानी नगरेको उनले बताए। नगरप्रमुख सरावगीले तरकारी बजारको लागि नगवा र परवानीपुरमा जग्गा हेर्ने काम भइरहेको र दुवैमध्ये एक ठाउँमा महानगरले स्थायी तरकारी बजार बनाउने बताए ।

## जग्गा अतिक्रमण हुँदा बर्थिङ सेन्टर बन्न सकेन

प्रस,परवानीपुर, १० माघ/
वीरगंज–३१, बेल्वा (भेडियाही)मा



स्थानीयले अतिक्रमण गरेको वीरगंज–३१, बेल्वा (भेडियाही)को बर्थिङ सेन्टर निर्माण हुने जग्गा। तस्वीरः प्रतीक

बर्थिङ सेन्टर निर्माण गर्न ढिलाइ भइरहेको छ । निर्माण कार्यमा ढिलाइ हुँदा चालू आवमा बर्थिङ सेन्टर निर्माणको लागि महानगरले छुट्याएको करीब पौने २ करोड रुपियाँ फ्रिज हुने चिन्ता बढेको गाउँलेहरूले बताएका छन् ।

स्थानीय नवलकिशोर झाले बर्थिङ सेन्टर बनाउन छुट्याइएको एलानी जग्गामा केही गाउँलेले विवाद गरिरहेकाले बर्थिङ सेन्टरको काम अघि नबढेको बताए। गाउँकै प्रेमचन्द्र महतो, झपसी हजरा दुसाध, झुलन हजरा गरी तीनजनाले करीब ४ कठ्ठा ऐलानी जग्गा अतिक्रमण गरी घर बनाएका छन् । उनीहरूले पर्सा जिल्ला अदालत र उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजबाट जग्गाको स्वामित्वसम्बन्धी मुद्दा हारिसकेको तर जग्गा खाली गर्न आनाकानी गरिरहेको बेल्वा स्वास्थ्य चौकीका प्रमुख रेजा महम्मद अन्सारीले बताए । अदालतबाट विजय हासिल भएपछि जग्गा भोगचलन गर्न पर्सा जिल्ला अदालतमा चलन मुद्दा दर्ता गरेका छन्।

जग्गा खाली नहुँदा र बर्थिङ सेन्टर नबन्दा उक्त वडाका गर्भवतीहरू सुत्केरी हुन वीरगंज र बगवन्ना जानुपर्ने सास्ती भोगिरहेको गाउँलेको भनाइ छ। गाउँलेले स्थानीय जनप्रतिनिधि तथा महानगर एवं प्रहरी प्रशासनसँग पनि गुहार गरेका छन्। यस विषयमा जग्गा अतिक्रमण गरेका प्रेमचन्द्र महतोसँग कुरा गर्दा उनले जग्गा अरूबाट खरीद गरी घर बनाएको र पहिले उक्त जग्गा एलानी थियो कि नम्बरी, त्यसबारे बोल्न नमिल्ने प्रतिक्रिया



दिए । उनले उच्च अदालतको आदेश विरुद्ध सर्वोच्च जाने तयारी गरिरहेकोले जग्गा खाली नगरेको दाबी गरे।

## सीमा सुरक्षा र शान्ति कायम राख्न निर्देशन

प्रस, सेढवा १० माघ/
सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वार्टर पर्साका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले ग्रामीण भेगको तीनवटा बोर्डर आउटपोस्टको निरीक्षण गरेका छन् ।

बिओपी भिखमपुर, पिडारीगुठी र महादेवपट्टीको निरीक्षण गर्दै उनले सीमा सुरक्षा र शान्ति कायम राख्न सशस्त्र प्रहरीलाई निर्देशन दिए। जनसमुदायलाई सशस्त्र प्रहरीबाट कुनै किसिमको असहयोग नहोस् भन्ने उद्देश्यका साथ सशस्त्र प्रउ पोखरेलले सीमाको अनुगमन निरीक्षण गरेको बताए । साथै उनले स्थानीय जनप्रतिनिधिहरू, समाजसेवी,



तस्वीरः प्रतीक

अगुवा तथा सञ्चारकर्मीसँग पनि परिचयात्मक कार्यक्रम गरेका छन्। सशस्त्र बोर्डर आउटपोस्ट जीराभवानीले आयोजना गरेको कार्यक्रममा संविधानसभा सदस्य जयप्रकाश थारू, वडाध्यक्ष शेख नुमान आजम, उमेशकुमार सिंह, शिक्षक शशिकपूर राय, जितेन्द्रप्रसाद गौरोलगायतको सहभागिता थियो ।

## राँगा भैसीको अवैध कारोबार

प्रस वीरगंज, १० माघ/
खुला सीमाका कारण भारतबाट पर्सा जिल्लाको विभिन्न नाका भएर पशुपक्षी तथा पशुजन्य वस्तुको आयात बढेको छ ।

नियमती पशुपक्षी तथा पशुजन्य वस्तु आयात गर्दा जिल्ला पशु क्वारेन्टिन कार्यालयबाट निरोगिताको प्रमाणपत्र लिनुपर्छ। तर अहिले पर्सा जिल्ला भएर बेलुकीपख अवैधरूपमा पशुजन्य वस्तु भित्रिने क्रम जारी छ। पर्सा जिल्लाबाट अहिले भैंसी, राँगा, बोइलर कुखुरा, खसी, बाख्रा बढी मात्रामा आयात



अवैधरूपमा भित्रिएको चौपाया नियन्त्रणमा लिंदै सशस्त्र प्रहरी। तस्वीरः फाइल

भइरहेको छ। निरोगिता प्रमाणपत्रविना यस्ता वस्तुको आयातमा रोक छ ।

पर्सा जिल्लाको खेस्राहा तथा पाँडेपुरबाट रातिको समयमा ठूलो परिणाममा यस प्रकारका वस्तु भित्रिरहेको स्रोतले जनाएको छ। खेस्राहा, अमरपट्टि नाकाबाट नेपाल आउने राँगा, भैसीको ठेक्का स्थानीय अली भन्ने व्यक्तिले लिएको स्रोतले बताएको छ ।

त्यसैगरी पाँडेपुरबाट नेपाल भित्रिने राँगा, भैसीको ठेक्का महादेव भन्ने व्यक्तिले लिएका छन्। पाँडेपुरबाट आउने राँगा, भैसीलाई जगरनाथपुरको पशु बजारबाट वैध बनाएर विभिन्न स्थानमा लगि बिक्री गरिन्छ । यसैगरी खेस्राहाराबाट भित्रिने राँगा, भैसीलाई अली भन्ने व्यक्तिले प्रतिगोटा रु ५ हजार लिएर रातारात जीतपुर भैसी बजार पुऱ्याउने गरेका छन् ।

जिल्ला पशु क्वारेन्टिन कार्यालयले सीमावर्ती क्षेत्रका सबै स्थानमा कर्मचारी खटाएर निगरानी राख्ने अवस्था नरहेकोले सुरक्षाकर्मीहरूले यसमा चासो राख्नुपर्ने बताएको छ। तर आफ्नो स्वार्थ अनुकूल काममा मात्र सुरक्षाकर्मी चनाखो हुने र स्वार्थ बाझिएको घटनामा मौन भइदिने गरेकोले अवैध कारोबार फस्टाएको कार्यालयको दाबी छ ।

### छोटकरी

## ४३ जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, १० माघ/
नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले आइतवार राति ४३ जना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ७६ जनाको पिसिआर परीक्षण गर्दा १९ जना महिला, २४ जना पुरुष गरी ४३ जना सङ्क्रमित पुष्टि भएको बताए ।

यसैगरी सोमवार ४२ जनाको पिसिआर परीक्षण गर्दा ८ जना महिला, १५ जना पुरुष गरी २३ जना जनामा कोरोना सङ्क्रमण देखिएको जानकारी दिएका छन् ।

## जगरनाथपुरका मन्टुको हत्यामा पाँचजना पक्राउ

प्रस, परवानीपुर, १० माघ/
पर्सामा दुई साता अघि एक बालकको अपहरण तथा कर्तव्य–ज्यान मुद्दा दर्ता पुरानो मुद्दा सम्बन्धमा रिसइबी थियो । सोही कारणले यो घटना भएको प्रहरीको



नारायणराउत अहिर गोबारीराउत अहिर मनमोहनप्रसाद यादव रोहनप्रसाद यादव शत्रुघ्नप्रसाद यादव

हत्याको अभियोगमा पर्सा प्रहरीले पाँचजनालाई हिरासतमा लिएको छ । जगरनाथपुर–६ का नागेन्द्रप्रसाद कुर्मीका १२ वर्षीय छोरा मन्टुप्रसाद कुर्मीको हत्या आरोपमा सोही स्थानका ६४ वर्षीय गोबारीराउत अहिर, ५५ वर्षका नारायणराउत अहिर, ३२ वर्षीय शत्रुघनप्रसाद यादव, ३० वर्षीय मनमोहनप्रसाद यादव र २५ वर्षीय रोहनप्रसाद यादव रहेका छन् । पाँचजनालाई माघ ८ गते पक्राउ गरी माघ १० गते पर्सा जिल्ला अदालतमा गरी ७ दिनको म्याद थपाएर अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले बताए ।

मन्टुको गत पुस २३ गते अपराह्न ४ बजे गाउँ नजीकै उखुबारीमा हत्या गरी फालिएको अवस्थामा शव बरामद भएको थियो । शल्यक्रिया तथा अनुसन्धानबाट उनको अपहरण गरी घाँटी थिचेर हत्या गरिएको रहस्य खुलेको थियो ।

मन्टु र पक्राउ परेको परिवारबीच पुरानो मुद्दा सम्बन्धमा रिसइबी थियो । सोही कारणले यो घटना भएको प्रहरीको अनुसन्धानबाट खुलेको पर्सा प्रहरीले स्पष्ट पारेको छ । "हत्या अभियोग लागेका केही व्यक्तिविरुद्ध मन्टुको परिवारले एउटा मुद्दा दर्ता गराएको छ, उक्त घटनामा केही व्यक्ति बालसुधार गृहमा छन्"–उनले भने–"त्यसै घटनाका अभियुक्तलाई छुटाइदिन र बार्गेनिङ गर्न शुरूमा बालकलाई अपहरण गरियो, मन्टुको परिवारले नमान्दा हत्या भएको रहेछ।" प्रहरीले पुरानो मुद्दा संवेदनशील भएकोले खुलाउन मानेको छैन ।

## विचारसार र सूक्तिहरू

**जिन्दगीबाट सिक्नुपर्ने एउटै महत्त्वपूर्ण कुरा हो, भ्याएसम्म आफूले दिनु, अरूबाट आस नगर्नु ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सुकुम्बासी समस्या

**महोत्तरीको बर्दिवास नगरपालिकामा जग्गा भएका तर लालपुर्जा नपाएका अव्यवस्थित बसोवासी जनसङ्ख्या करीब दुई हजार छ । वर्षौंदेखि बसोवास गर्दै आएको तर लालपुर्जा नपाएकोले लालपुर्जा पाएको दिन जीवनकै ठूलो पर्व हुने बताएका छन् । केपी ओली नेतृत्वको सरकारले गठन गरेको भूमिसम्बन्धी समस्या समाधान आयोग, पुर्जा बाँट्नै लागेको बेला, खारेजीमा पऱ्यो । ओली नेतृत्वको सरकार ढलेर देउवा नेतृत्वको नयाँ सरकार आएपछि आयोग खारेज भएको हो । पछि अदालतले ब्युँताइदियो । अहिले पनि भूमिसम्बन्धी समस्या समाधान आयोग छ । लालपुर्जा पाउनै लाग्दा आयोग खारेजीमा परेपछि खङ्ग्रङ्ग परेका सुकुम्बासी आयोग ब्युँतिएपछि आशावादी बनेका छन् । महोत्तरीलगायत मुलुकका ७७ वटै जिल्ला तथा ७५३ वटै पालिकामा बसोवास गर्ने भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको अपेक्षा, आयोगले जग्गाधनी प्रमाणपुर्जा जतिसक्दो छिटो वितरण गरोस् भन्ने हो ।**

**मुलुकमा दुई किसिमका सुकुम्बासी छन् । कहीं कतै कुनै किसिमको जग्गा–जमीन नभएको, अरूको घर एवं जग्गामा बस्ने सुकुम्बासी र ऐलानी, सरकारी, सार्वजनिक एवं गाउँ–ब्लकको जग्गा हकभोग गरिरहेका तर लालपुर्जा नपाएका सुकुम्बासी । यीमध्ये दोस्रो प्रकृतिको सुकुम्बासीलाई अव्यवस्थित बसोवासीको संज्ञा दिइएको छ । यी दुवै किसिमका सुकुम्बासीको घरपरिवार सङ्ख्या मुलुकमा २१ लाखभन्दा बढी रहेको आयोगको प्रारम्भिक अनुमान थियो । पछि यो सङ्ख्या ४० लाख आसपास पुग्न सक्ने राजनीतिक दलका नेताहरूले भाषण गरे । हाल भोगचलनमा रहेकोमध्ये करीब २५ प्रतिशत जग्गाको रजिस्ट्रेशन भएको छैन । रजिस्ट्रेशन नभएका जमीनको पनि घरायसी बिक्री–बट्टा भइरहेको छ, तर सोबापत राज्यलाई राजस्व आउँदैन । रजिस्ट्रेशनविहीन जमीन बैंक तथा वित्तीय संस्थाको कारोबारमा पनि मान्य नहुने भएकोले जनताको आर्थिक गतिविधिमा अवरोध पुग्नुका साथै राज्यको राजस्वमा पनि नोक्सान पुगिरहेको छ । यस किसिमको जग्गाका हकभोगकर्ताहरूले आर्थिकका साथै मानसिक समस्यासमेत भोगिरहेका छन् । तर राष्ट्र र नागरिकलाई जति नै घाटा पुगे पनि राजनीतिक दलका नेताहरूका लागि भने 'सुकुम्बासी समस्या' कार्यकर्ता पोस्ने, भोटको राजनीति गर्ने र दाम कमाउने सहज बाटो बनेको छ ।**

**२०४६ को राजनीतिक परिवर्तनपछि हालसम्म जति राजनीतिक दलहरू सत्तामा पुगे उनीहरूले सुकुम्बासी समस्या समाधानको नाममा विभिन्न आयोगहरू गठन गर्ने काम मात्र गरे । यसरी गठित आयोगको काम, केन्द्रदेखि स्थानीय तहसम्म आफ्ना कार्यकर्ता भर्ना गर्ने र ती कार्यकर्ताले जग्गाविहीन, लालपुर्जाविहीन सुकुम्बासीबाट विभिन्न बहानामा रकम असुल्नेभन्दा बढी केही गरेनन् । सरकार विघटनसँगै भत्कने यस्ता आयोगको स्रेस्तासमेत कायम छैन । त्यसैगरी एउटाको पालामा आयोगले बाँडेको पुर्जालाई अर्को आयोगले मान्यता नदिनेलगायत झमेला पनि सुकुम्बासीले भोगेका छन् । भूमिहीनलाई जमीन दिने र लालपुर्जाविहीनलाई पुर्जा दिने काम छोटो अवधिमा सम्भव छैन । पहिलो कुरा त सुकुम्बासीको पहिचानमा नै समस्या छ । समाधान गर्ने नै हो भने सरकारले स्थायी प्रशासनिक संरचना खडा गरी वास्तविक सुकुम्बासीलाई जग्गा र जग्गाधनी पुर्जा दिनुपर्छ । र यसका लागि समर्पित र इमानदार आयोग बनाउनुपर्छ ।**

# एमसिसी सम्झौताको विरोध र समर्थन किन ?

स्वतन्त्र विचार




वैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**यस्तो राष्ट्रघाती सम्झौता संसद्बाट पारित गराउन नेपालका राष्ट्रघाती संसद्वादी पार्टीहरू कम्मर कसेर लागेको सबैले देखेकै हो । यस्तो गम्भीर परिस्थितिमा आम जनता आफ्नो अपार जलस्रोतलगायत प्राकृतिक स्रोतहरू तथा देश बचाउन सडकमा उत्रिनुको कुनै विकल्प छैन ।**

नेपालमा सत्तामा जोसुकै होस् तर राष्ट्रघातको सवालमा अहिलेसम्म तात्त्विक भिन्नता देखिएको छैन । राजसंस्थाको बेला भारतले नेपालको कालापानीलगायत भूमिमा आफ्नो सेना राख्दा कहिलेपनि भारतीय विस्तारवादविरुद्ध कुनै पनि राजाले मुख खोलेको देखिएन । राजा महेन्द्र वा वीरेन्द्रलाई बडा राष्ट्रवादी देख्नेहरूले नै पनि राजा महेन्द्रले भारतले गरेको नेपालको दक्षिणी सीमाको भूमि अतिक्रमणबारे मुख खोलेको देखिन्न ।

प्रजातन्त्रको लागि जन्मेको पार्टी नेपाली काङ्ग्रेसले झन् कोशी, गण्डकीलगायत असमान सम्झौता गरेर दुनियाँ समक्ष भारतप्रति चाटुकारिता पटकपटक प्रस्ट्याउँदै आएको छ । सडकमा छँदा भारतीय विस्तारवादविरुद्ध आवाज लगाउने नेपालका कथित संसद्वादी दक्षिणपन्थी कम्युनिस्टहरू सत्तामा (सरकार)मा पुग्दा कहिले पनि भारतीय विस्तारवादको डटेर विरोध गरेको देखिंदैन । बरु कम्युनिस्टहरूको मूलधारको रूपमा आफूलाई परिभाषित गर्न रुचाउने नेकपा एमालेले हाकाहाकी महाकाली नदी भारतलाई बेचेको जगजाहेर छ ।

एक नम्बर क्रान्तिकारी कम्युनिस्ट आफूलाई बताउने नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले, केही महीना पहिले भारतलाई कम्फरटेबुल हुनेगरी, शेरबहादुर देउवाको नेतृत्वमा सरकार बनाउन, प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीलाई सरकारबाट हटाउन केकति पापड बेले, त्यो पनि जगजाहेर नै छ ।

सरकारले भारतले अतिक्रमण गरेको लिपुलेक, लिम्पियाधुरालगायत भूमि समेटेर चुच्चे नक्शा जारी गरे पनि हालसम्म त्यसलाई शैक्षिक पाठ्यक्रममा नराखेको अवस्था हेर्दा उनीहरूको भारत–भक्ति प्रस्ट बुझ्न सकिन्छ । नेपाल, चीन र भारतजस्तो विशाल प्रतिस्पर्धीको बीच आश्रित रहेकोले यसमाथि दुवै देशको राजनीतिक मित्रता र शत्रुताको समेत असर पर्ने गर्दछ । इतिहासमा एकपटक चीनसँग शर्मनाक हार भोगेको भारत, चीनलाई विदेशी दलाल, पूँजीपति तथा साम्राज्यवादीहरूको नाइके संयुक्त राज्य अमेरिकाको उक्साहटमा सम्बन्ध बिगारेको अवस्थामा छ । यतिबेला सम्पूर्ण कुरामा चीनले अमेरिकालाई पछि पार्दै लगेपछि अमेरिका चीनसँग निहुँ खोजी भिड्न खोजेको लाटोले पनि बुझिसकेको छ । यस प्रसङ्गमा नेपाल अमेरिकाको लागि अति नै सामरिक महत्त्वको ठाउँ रहेको पनि सर्वविदितै छ । यसरी चीनलाई घेर्ने तथा नेपालको अवस्था अफ्रिकी राष्ट्र घानाजस्तै बनाइदिने योजनासहित अमेरिका सामरिक ढङ्गले नेपालसँग एमसिसी सम्झौता गरिसकेको छ । यस सम्झौतालाई केवल संसद्बाट पास गराउन मात्र ऊ पर्खेको छ ।

**के हो त एमसिसी परियोजना ?**

वास्तवमा मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) परियोजना भनेको अमेरिका तथा उसका साझेदार देशहरूको बहुराष्ट्रिय कम्पनीहरूलाई कमजोर मुलुकको प्राकृतिक स्रोत र बजार कब्जा गर्न अनुकूल बनाउने परियोजना हो । अमेरिकाले ४५ करोड ९० लाख डलर अनुदानका रूपमा विद्युत् प्रसारण लाइन र सडकको स्तरोन्नति गर्न अनुदान दिने नाममा यो राष्ट्रघाती सम्झौता नेपालमाथि लादेको छ । नेपालको हकमा यसले नेपालमा भएका अपार जलविद्युत् बहुराष्ट्रिय कम्पनीको हातमा लैजाने एकमात्र उद्देश्य बोकेको छ । २०७४ मा बनेको विद्युत् नियमन आयोग ऐन र संसद्बाट पारित हुन बाँकी नेपाल विद्युत् ऐन एमसिसीको अनुकूलताको पक्षमा चालिएको कदमको ठोस प्रमाण हो । विद्युत् वितरण निजी क्षेत्रलाई दिन निरन्तर यससँग सम्बन्धित काम अगाडि बढाइएकै छ । यी सबै काम–कुरा एमसिसीकै नीति भित्रका शृङ्खला हुन् । जसरी दूरसञ्चार क्षेत्रलाई टुक्राएर नेपाल टेलिकम नामक कम्पनी र नेपाल दूरसञ्चार प्राधिकरण बनाइयो । त्यसपछि निजी कम्पनी पनि दूरसञ्चारमा लगानी गर्न आउन सक्ने वातावरण बनाएपछि एनसेललगायत बहुराष्ट्रिय कम्पनीहरूले नेपाली आकाश कब्जा गरेका छन्; ठीक त्यसैगरी नेपाल विद्युत् ऐन पारित भएपछि विद्युत् प्रसारण, वितरण र व्यापार निजी कम्पनीलाई दिने बाटो खुल्नेछ । विद्युत् उत्पादन त अहिले पनि निजी कम्पनीले गर्न पाउने व्यवस्था छँदैछ । त्यसपछि विद्युत् नियमन आयोगले केवल नियमन मात्र गर्ने तथा प्रसारण, वितरण र व्यापार चाहिं निजी कम्पनीहरूले गर्ने व्यवस्था बन्नेछ । यस प्रकार अन्ततः बहुराष्ट्रिय कम्पनीहरूले नेपालको विद्युत् कब्जा गर्नेछ । एनसेलले आज जसरी प्रतिकलको भाउ मनलाग्दो तोकेको छ, त्यसैगरी बहुराष्ट्रिय कम्पनीहरूले पनि प्रतियुनिट विद्युत्को मनलाग्दो भाउ तोकेर नेपालीहरूलाई लुट्ने छन् । यतिमात्र होइन नेपालबाट उत्पादित विद्युत्को व्यापार पनि विदेशमा तिनै बहुराष्ट्रिय कम्पनीले गर्नेछन् ।

त्यसैले आजको अवस्थामा सबैले के बुझ्न जरूरी छ भने एमसिसी सम्झौताको परिणामस्वरूप नेपालको प्रमुख सम्पत्ति अपार जलस्रोत बहुराष्ट्रिय कम्पनीको कब्जामा पुग्नेछ र जलस्रोतबाट सुखी बन्ने नेपालीहरूको भविष्यको सपना चकनाचुर हुनेछ । त्यसैले एमसिसी सम्झौतामा भनिएको अनुदान रकम कुनै पनि अर्थमा अनुदान होइन, नेपालको विद्युत् कब्जा गर्न गरिएको साम्राज्यवादी लगानी हो ।

कुरो यतिमात्र होइन । एमसिसी सम्झौता नेपालको कानून र संविधानभन्दा माथि हुने, अमेरिकाको आजको मात्र होइन, पछि बन्ने कानूनसमेत लागू हुनेछ । एमसिसीसँग सम्बन्धित अधिकारीहरूको गतिविधि र विवादमाथि नेपालमा मुद्दा नचल्ने, एमसिसी परियोजना लागू गर्न नेपालमा गठन गरिएको एमसिसी नेपालले नेपालको कानून मान्नुपर्ने, एमसिसी परियोजनामा नेपालले कुनै अनुगमन गर्न नपाउनेलगायत प्रावधान सम्झौतामा भएको डरलाग्दो व्यवस्थाले एकातिर नेपालको सार्वभौमसत्तामाथि ठाडो हस्तक्षेप हुन पुग्दछ भने अर्कोतिर नेपाली जनताको घोर अपमान हुन्छ ।

एमसिसी परियोजनामा कुनै पनि प्रकारको सरोकार नेपालले राख्न नसक्ने अवस्था भनेको सारमा नेपालभित्र एमसिसी परियोजना नामको अमेरिकी उपनिवेश खडा हुने भनिएको हो । त्यसैगरी एमसिसी परियोजना अन्तर्गत सबै विषयमा एमसिसी नेपालले गरेको निर्णय नेपालले मान्नैपर्ने बाध्यता भनेको अमेरिकाले नेपालभित्र जन्माउने उपनिवेशमार्फत सिङ्गै नेपाल आफ्नो अधीनमा लिने भनेको हो । वास्तवमा एमसिसी सम्झौताको मुख्य राजनीतिक उद्देश्य नेपाल कब्जा गर्ने नवऔपनिवेशिक रणनीति हो । भारतलाई दुई सय वर्ष गुलाम बनाएर राख्ने बेलायतको इस्ट इन्डिया कम्पनीजस्तै यो एमसिसी सम्झौता हो । त्यसैले यो नेपाली जनतालाई कुनै पनि अर्थमा स्वीकार्य छैन । यसको चौतर्फी विरोध र भर्त्सना जरूरी छ ।

यहाँनिर स्मरणयोग्य कुरा के छ भने चीनविरुद्ध खम्पा विद्रोहको निम्ति नेपाली धरती प्रयोग गर्ने त्यही अमेरिका हो, फेरि यसले नेपालभित्र चीनविरोधी गतिविधि गर्दैन भनेर कसरी पत्याउने ? भोलिका दिनमा एमसिसी परियोजनाकै कारण नेपाल दुई शक्तिशाली मुलुक रणस्थल बन्न पुग्यो भने नेपालको अस्तित्वमा नै प्रश्नचिह्न नउठ्ला भन्न सकिन्न ? एमसिसीको प्रावधानहरूलाई हेर्दा रणस्थल बन्न महत्त्वपूर्ण भूमिको काम एमसिसी परियोजना नै रहने भएको हुनाले बेलैमा यसबाट सतर्क हुनु बुद्धिमानी हुनेछ । एमसिसीको विभिन्न बुँदाहरू हेर्दा भविष्यमा नेपालको राष्ट्रिय स्वाधीनता तथा सुरक्षाको दृष्टिले समेत यो निकै घातक रहेको प्रस्टै जोकोहीले देख्न सक्छ । तर यस्तो राष्ट्रघाती सम्झौता संसद्बाट पारित गराउन नेपालका राष्ट्रघाती संसद्वादी पार्टीहरू कम्मर कसेर लागेको सबैले देखेकै हो । यस्तो गम्भीर परिस्थितिमा आम जनता आफ्नो अपार जलस्रोतलगायत प्राकृतिक स्रोतहरू तथा देश बचाउन सडकमा उत्रिनुको कुनै विकल्प छैन । यही चेतनाको अभावले भारतले विगतमा स्वतन्त्र देश सिक्किम निलिदिएको कहिले बिर्सनुहुँदैन ।

# इप्रका ठोरीद्वारा गरीब, दलितलाई न्यानो कपडा वितरण

चिरञ्जीवी सापकोटा, ठोरी, १० माघ/

इलाका प्रहरी कार्यालय, ठोरीले न्यानो कपडा तथा मास्क वितरण गरेको छ ।



ठोरीमा न्यानो कपडा वितरण गरिंदै । तस्वीर: प्रतीक

जिल्ला विपद् व्यवस्थापन समिति, पर्साले उपलब्ध गराएको न्यानो कपडा टोपी, हाइनेक र कम्बल ठोरी गाउँपालिकाको पाँचवटै वडामा वितरण गरिएको प्रहरी निरीक्षक ब्रह्मदेव साहले जानकारी दिए ।

समितिले उपलब्ध गराएको ४० सेट न्यानो कपडा गरीब, ज्येष्ठ नागरिक र दलित समुदायका अतिविपन्न व्यक्तिहरूलाई वितरण गरिएको प्रनि साहले बताए ।

ठोरीको सुवर्णपुर प्रहरी चौकी, विजयबस्ती प्रहरी चौकी, सीमा प्रहरी चौकी, दीपकनगर प्राविधिक विद्यालय तथा इलाका प्रहरी कार्यालय, ठोरीमा न्यानो कपडा वितरण गरिएको उनले जानकारी गराए । कार्यक्रममा रेडक्रस ठोरीका सभापति प्रकाश खनाल, समाजसेवी कमल राना, डबलबहादुर मगर लगायतको उपस्थिति थियो ।

यसैगरी विपद् व्यवस्थापन समिति,

(बाँकी पाँचौं पातामा)

## सङ्गठन नै शक्ति, सादगी नै भक्ति

सम्पादकलाई चिठ्ठी

९ गते प्रतीकको लेख 'तपको अर्थ हो : निग्रह' पढें । हामी कसरी भोगवादी बन्यौं । वेद वाङ्ग्मयको कणकणमा केवल सादा जीवन एवं उच्च विचारको नै उद्घोष छ । मेरो विचारमा कलियुगमा सङ्गठन नै शक्ति हो र सादा जीवन नै भक्ति हो । यही तप निग्रह आदि इत्यादि सबै हो । निश्चय नै यो भोगवाद पश्चिमा आयात हो । ईश्वरचन्द्र विद्यासागर र भ्रतृहरिको मात्र उदाहरण किन, यो कुरा त रामदेखि चाणक्यसम्म देखिन्छ । गाँधीले जब यसको अनुकरण गरेर लँगौटी लगाउन थाले तब वर्नार्ड शाले पनि खिसीटिउरी गरेका थिए । यो यस कुराको प्रमाण हो कि पश्चिमाहरूलाई सादगीको मूल्य थाहा छैन र उनैले संसारमा भोगवादको यस्तो संस्कृति फैलाए कि आजका हरेक व्यक्ति र नेता भ्रष्ट बन्न पुगेका छन् । निश्चय नै हाम्रा चार्वाकहरू पनि भोगवादी भए तर उनको सम्मान छैन यहाँ । आज दुःख–दैन्यको मुख्य कारण नै भोगवाद चरममा पुग्नु हो । हामीले नै यसको चक्र तोड्न अगाडि बढ्नुपर्छ । लेखकले जे कुरा भनेका छन् त्यो केवल अध्यात्मवादीको लागि मात्र जरूरी छैन अपितु प्रत्येक व्यक्तिको लागि जरूरी भइसकेको छ । अन्यथा सभ्यताको विनाश निश्चित छ । हामीले आफूलाई, देशलाई र पृथ्वीलाई बचाउन आज जति जरुरी छ त्यति पहिले थिएन । त्यसैले निग्रह र तप आज जति जरूरी छ टड्कारो छ, त्यति पहिले थिएन । आज १० प्रतिशत मानिससँग सारा दुनियाँको सम्पत्ति छ । के यही हो मानवता ? यस्ता लेख सधैं आइराख्नुपर्छ ।

–डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# निगमले आइओसीलाई पठायो १३ अर्ब

काठमाडौं, १० माघ/रासस

सञ्चित बचत शून्यमा झरेपछि निगमले आज आइओसीलाई रु १३ अर्ब २० करोड पठाएको छ।



अप्ठ्यारोमा पुगेको नेपाल आयल निगमले सरकारसँग पैसा मागेर इन्डियन आयल कर्पोरेशन (आइओसी) लाई रु १३ अर्ब बढी भुक्तानी गरेको छ।

निगमले मूल्य स्थिरीकरण कोषबाट रु एक अर्ब ८० करोड लिएर जनवरी महीनाको दोस्रो किस्ताबापत आइओसीलाई भुक्तानी गरेको प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिए।

सञ्चित बचत शून्यमा पुगेसँगै आइओसीलाई तिर्नुपर्नेमध्ये रु एक अर्ब ८० करोड अपुग भएपछि निगमले उक्त रकम उपलब्ध गराइदिन सरकारसँग आग्रह गरेको थियो। मूल्य स्थिरीकरण कोष सञ्चालक समितिको शुक्रवारको बैठकले आइओसीलाई तिर्न अपुग रु एक अर्ब ८० करोड निगमलाई उपलब्ध गराउने निर्णय गरेको थियो।

कोष सञ्चालक समितिको अध्यक्ष वाणिज्य तथा आपूर्ति सचिव रहने व्यवस्था छ। सरकारले पेट्रोलियम पदार्थको मूल्यमा स्थिरिता कायम गर्न विसं २०७१ मा 'पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली' जारी गरेको थियो।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य लगातार उकालो लाग्दा निगमको घाटा पनि चुलिँदै गएको छ। पेट्रोलियम पदार्थको खरीद मूल्य बढ्दै जाँदा मूल्य समायोजन नगर्ने हो भने निगम थप घाटामा जाने जानकारको भनाइ छ। सरकारसँग पैसा मागेर जनवरी महीनाको दोस्रो किस्ता बुझाएको निगमका अधिकारी आइओसीलाई अर्को महीनाको किस्ता कसरी बुझाउने भन्ने चिन्तामा छ। निगमले दोस्रो किस्ताबापत आइओसीलाई २३ तारिखमा रकम बुझाउनुपर्ने भएपनि आइतवार आइओसी बन्द भएका कारण एक दिनपछि भुक्तान गरेको हो। निगमले प्रत्येक अङ्ग्रेजी महीनाको ८ र २३ तारिखमा आइओसीलाई पेट्रोलियम पदार्थ खरीद गरेबापतको रकम भुक्तानी गर्दै आएको छ।

# जलाद नदी नियन्त्रणमा युवा सक्रिय

–राजु विश्वकर्मा

जनकपुर, १० माघ/रासस

जलाद नदीको बाढीले बर्सेनि मचाउँदै आएको वितण्डा रोक्न धनुषाको जनकपुरधाम उपमहानगरपालिका–१७ का युवा सक्रिय बनेका छन्।

नदीमा अग्लो र मजबुत तटबन्ध निर्माण नहुँदा बाढीले बर्सेनि खेतीयोग्य जग्गा कटान गर्नाका साथै वरिपरिका बस्ती डुबानमा पार्दै आएकोले त्यसलाई नियन्त्रण गर्न उनीहरू सक्रिय बनेका हुन्। बाढी–पहिरोलगायत जलवायु परिवर्तन र त्यसबाट सिर्जित विपद्बाट बर्सेनि पीडित सो क्षेत्रका बासिन्दालाई लक्ष्य गरेर सञ्चालन भएको विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता कार्यक्रमबाट प्रेरित भई युवा आफैं नदी नियन्त्रण अभियानमा जुटेको स्थानीय युवा सुरेन्द्र यादवले बताए।

प्रत्येक वर्ष नदीको बाढीले खेतीयोग्य जग्गा कटान गर्नाका साथै बस्ती नै डुबानमा पर्दै आए पनि तटबन्ध निर्माणमा प्रगति नभएपछि आफूहरू सक्रिय भएको उनको भनाइ थियो। ''नदीले बर्सेनि मचाउँदै आएको वितण्डा रोक्न विगत केही महीना यता हामी गाउँका युवा छलफल र बैठक गर्दै आएका छौं"–स्थानीय युवा क्लबका सदस्यसमेत रहेका उनले भने–"केही दिन अघि मात्रै वडाध्यक्ष, वडासदस्य, रेडक्रसका प्रतिनिधि, युवा क्लबका पदाधिकारी सम्मिलित टोलीले नदी निरीक्षण गरी जोखिम विश्लेषण गरेका थियौं।" त्यहीं विश्लेषणको आधारमा नदी नियन्त्रणका लागि गर्न सकिने कार्यको पञ्चवर्षीय योजना तयार गरिएको उनको भनाइ थियो।

जनप्रतिनिधि, रेडक्रसका प्रतिनिधिलगायतको उपस्थितिमा आफूहरूले तयार पारेको पञ्चवर्षीय योजनाका आधारमा विभिन्न निकायमा बजेटका लागि पहल गर्ने अर्का युवा मनोज मण्डलले बताए। "नदी नियन्त्रण त त्यतिकै हुँदैन, त्यसका लागि बजेट चाहिन्छ"–उनले भने–"त्यही भएर नदीका लागि हामीले करीब पाँच करोडभन्दा बढीको पञ्चवर्षीय योजना तयार पारेका छौं।" तयार योजना सङ्घीय सरकार, प्रदेश सरकार र उपमहानगरपालिकामा पेश गर्ने तयारी भएको उनले बताए।

यसका साथै कमला नदी नियन्त्रण कार्यालय, जलस्रोत कार्यालय तथा अन्य संस्थाबाट नदी नियन्त्रणका लागि बजेट छुट्याउन पहल गरिने सम्बद्ध युवाले बताए। "बर्सेनि बस्तीमा बाढीले ठूलो क्षति पुऱ्याउँदै आएको छ तर कहीं कतैबाट नदी नियन्त्रणका लागि ठोस पहल नभएपछि हामी नै अघि सरेका छौं"–युवा क्लबका अर्का युवा सन्तोष यादवले भने–"अहिले नदी पीडित गाउँका करीब ५० युवा यो अभियानमा जोडिएका छन्।" हामीले चलाएको अभियानमा वडाध्यक्ष, वडासदस्य तथा गाउँका सबैले साथ दिन थालेकाले उत्साहित भएको उनको भनाइ थियो।

नदी नियन्त्रण अभियान अन्तर्गत नै दुई दिन अघि नदी आसपासको क्षेत्रमा वृक्षारोपण गरिएको थियो। स्थानीय बासिन्दासमेत रहेका प्रदेशसभा सदस्य रामअशिष यादवको उपस्थितिमा युवाले आँप, लिची, कटहर, मसलालगायत जातका करीब ५० बोटबिरूवा रोपेका थिए।

नदी नियन्त्रणका लागि जुटेका युवालाई समावेशी उत्थानशीलता र जवाफदेहिता प्रवर्द्धनका लागि युवा सञ्जाल सुदृढीकरण (प्रयास) परियोजनाले राम्रै साथ दिएको छ। बर्सेनि वर्षायामका बेला बाढी, सुख्खायाममा आगलागी र शीतलहरको समय कठ्याङ्ग्रिनुपर्ने विपद्बाट जोगाउन पीडित रहेका क्षेत्रमा सो परियोजनाले सञ्चालन गरेको विपद् तथा जलवायु परिवर्तन उत्थानशील कार्यक्रममा जोडिएका युवाले नदी नियन्त्रण अभियानको नेतृत्व गरिरहेको परियोजना संयोजक जागेश्वर यादवले बताए।

नेपाल युवा संस्था सञ्जाल (आयोन) द्वारा सञ्चालित सो परियोजना अन्तर्गत पहिलो चरणमा जलवायु र विपद्सम्बन्धी विज्ञहरूबाट वडास्तरीय सरोकार व्यक्ति तथा पदाधिकारीलाई प्रशिक्षण दिएर सम्बन्धित वडास्तरमा देखिएका विपद् विश्लेषण गर्ने र त्यही विश्लेषणको आधारमा योजना तयार पार्नका लागि युवालाई उत्प्रेरित गर्दै आइएको उनको भनाइ थियो।

जलाद नदीले पुऱ्याउँदै आएको क्षति रोक्न युवाले देखाएको सक्रियता अत्यन्तै प्रशंसनीय रहेको प्रदेशसभा सदस्य रामअशिष यादवले बताए। "क्षति रोक्न र गाउँको मुहार फेर्न युवाको पछिल्लो प्रयास निश्चितरूपमा उदाहरणीय देखिन्छ।"



दुई सय वर्ष पुरानो निजगढ नगरपालिका-४ कछाडियाटोलमा रहेको शमीको रुख । गर्मीमा शीतल खोज्न यस चौतारामा मानिसको घुइँचो नै लाग्छ । तस्वीर: जीतलाल श्रेष्ठ

# सौर्य परियोजनाको पिपिए अब प्रतिस्पर्धाबाट

काठमाडौं, १० माघ/रासस

यस अघि सामान्य प्रक्रियाबाट हुँदै आएको सौर्य परियोजनाबाट उत्पादित बिजुली खरीद सम्झौता अब प्रतिस्पर्धाबाट मात्र हुने भएको छ।




अन्तर्राष्ट्रिय बजारमा सौर्य परियोजनामा प्रयोग हुने उपकरणको मूल्य घटेको तथा लागत क्रमशः कम हुँदै गएको सन्दर्भलाई ध्यान दिंदै नेपाल विद्युत् प्राधिकरणले सोलार प्लान्टबाट उत्पादित ऊर्जा खरीद–बिक्री सम्झौता (पिपिए) अब प्रतिर्स्धाबाट गर्ने भएको छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालको अध्यक्षतामा आइतवार बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले सोलारको पिपिए प्रतिस्पर्धाबाट गर्ने निर्णय गरेको छ। सोलारबाट उत्पादित ऊर्जालाई सर्वसुलभ, प्रतिस्पर्धी र पारदर्शी बनाउन पिपिए प्रतिस्पर्धाबाट गर्ने निर्णय लिइएको मन्त्री भुसालले बताइन्।

उनले भनिन्–"जनतालाई सहुलियत दरमा विद्युत् उपलब्ध गराउन, विद्युत् खरीदलाई प्रतिस्पर्धी तथा पारदर्शी बनाउँदै लैजानुपर्छ। सोलारमार्फत हामीले यसको शुरूआत गरेका छौं।" पछिल्लो विकसित प्रविधि अनुसार सोलारबाट विद्युत् उत्पादन लागत कम हुँदै गएको उल्लेख गर्दै भुसालले भनिन्–"यस अघिको निर्णय अनुसार पनि तीन वर्षमा सोलारको पिपिए दर पुनरवलोकन गर्नुपर्ने थियो।"

प्राधिकरणले विद्युत् महसुल सर्वसुलभ बनाउन, अन्तर्राष्ट्रिय प्रचलन, जन अपेक्षा, विद्युत् माग र आपूर्तिको सन्तुलन एवं प्रचलित ऐन कानूनको मर्मलाई मध्यनजर गर्दै पिपिए गर्दा प्रतिस्पर्धाबाट गर्ने निर्णय गरेको हो। अबदेखि सोलार आयोजनाबाट उत्पादित विद्युत्को पिपिए गर्दा विद्युत् आयोजनाको उत्पादन सम्मिश्रणको अवधारणा अनुसार राष्ट्रिय ग्रीडमा कुल जडित क्षमताको १० प्रतिशतको परिधिभित्र रहेर प्राधिकरणलाई आवश्यक भएको क्षेत्रमा 'आधार दर' तोकी सो दरमा नबढ्ने गरी प्रतिस्पर्धामार्फत पिपिए आह्वान गरिने छ।

यस अघि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट विसं २०७४ माघ २५ मा स्वीकृत ग्रीड कनेक्टेड वैकल्पिक विद्युत् ऊर्जा विकाससम्बन्धी कार्यविधि, २०७४ मा उल्लिखित वैकल्पिक सौर्य र वायु ऊर्जाको विद्युत् खरीद दर प्रतियुनिट ७ रुपियाँ ३० तोकिएको थियो। उक्त दर अधिकतम तीन वर्षभित्र विद्युत् खरीद सम्झौता सम्पन्न हुने आयोजनाका लागि कायम हुने निर्णय भएको थियो।

मन्त्रालयको सो निर्णयलाई नेविप्रा सञ्चालक समितिले २०७५ असार २६ को ७७३ औं बैठकबाट निर्णय गरी कार्यान्वयमा ल्याएको थियो। तीन वर्षका लागि तोकिएको उक्त दर हालसम्म परिमार्जन हुन सकेको थिएन। हाल अन्तर्राष्ट्रिय बजारमा पछिल्लो विकसित प्रविधिका कारण सोलार आयोजनाबाट उत्पादित विद्युत्को मूल्य निरन्तर घट्दो क्रममा रहेको छ। प्राधिकरणले अहिलेसम्म २१ सोलार आयोजनासँग ११० मेगावाटको पिपिए गरेको छ।

यसमध्ये ६ आयोजनाको निर्माण सम्पन्न भई २९ मेगावाट राष्ट्रिय ग्रीडमा जोडिएको छ।

विद्युत् विकास विभागका अनुसार २५ आयोजनाले ६०९ मेगावाट क्षमताको सर्वेक्षण अनुमति लिएका छन्। १९ आयोजनाको कुल ११७ मेगावाट क्षमताका सौर्य परियोजनाले विद्युत् उत्पादनको अनुमति लिएका छन्। कुल ३५ आयोजनाले ९१२ मेगावाट बराबर सौर्य बिजुली उत्पादनको सर्वेक्षणका लागि अनुमतिका लागि आवेदन दिएका छन्।

# १० हजार बढी सङ्क्रमित थपिए, चारजनाको मृत्यु

काठमाडौं, १० माघ/रासस

पछिल्लो २४ घण्टामा १० हजार ३१९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा २१ हजार २०१ जनाको परीक्षण गर्दा १० हजार ३१९ जनामा सङ्क्रमण पुष्टि भएको हो।




सक्रिय सङ्क्रमितको सङ्ख्या ८२ हजार ५५० पुगेको छ। पछिल्लो समय दुई हजार ५४० जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुने सङ्ख्या आठ लाख २४ हजार २३९ पुगेको छ। यो दर ८९.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

**चारको मृत्यु**

विगत २४ घण्टामा चारजनाको सङ्क्रमणबाट मृत्यु भएको छ। अहिलेसम्म ११ हजार ६५९ जनाको सङ्क्रमणका कारणले मृत्यु भइसकेको छ। यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १५ पुगेको छ। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाके, रूपन्देही र कैलाली रहेका छन्।

यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका १७ जिल्ला रहेका छन्। ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सप्तरी, सर्लाही, सिराहा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, गोरखा, तनहुँ, स्याङजा, बागलुङ, दाङ, पाल्पा र कञ्चनपुर रहेका छन्। नेपालमा सङ्क्रमण दर १७.९ प्रतिशत रहेको छ। हाल होम आइसोलेशनमा ८० हजार ७७९, संस्थागत आइसोलेशनमा एक हजार ७७१, सघन उपचार कक्ष २३८ र भेन्टिलेटरमा ४३ जनाको उपचार हुँदैछ।

**एक लाख बढीले लगाए खोप**

विगत २४ घण्टामा आज एक लाख १९ हजार ३७१ जनाले खोप लगाएका छन्। अहिलेसम्म पहिलो मात्रा एक करोड ६२ लाख ८९ हजार ४२५ जना र पूर्ण मात्रा एक करोड २९ लाख ६६ हजार ३६२ जनाले लगाइसकेका छन्। कोरोना भाइरसविरुद्ध बुस्टर डोज एक लाख ६८ हजार ९६९ मात्रा लगाइएको छ।

# नेप्सेमा १०० अङ्कको पहिरो

काठमाडौं, १० माघ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज उच्च अङ्कले घटेको छ। आज कारोबार मापक नेप्से झन्डै १०० अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से ९९.८६ अङ्कले घटेर दुई हजार ८२०.६५ मा ओर्लेको छ। यस्तै कुल कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १८.०८ अङ्कले घटेर ५२६.०३ मा ओर्लेको छ।




नेप्से ओरालो लागे पनि कारोबार रकम भने बढेको छ। कुल २२८ कम्पनीको एक करोड ७० लाख ६३ हजार ८३३ कित्ता शेयर रु ८ अर्ब ८८ करोड ८५ लाख १३ हजार १७८ मूल्यमा कारोबार भयो। आजको कारोबारपछि बजार पूँजीकरण रु ३९ खर्ब ८६ अर्ब ११ करोड २८ लाख ४० हजारको हाराहारीमा ओर्लेको छ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्य ओरालो लागेको छ। बैंकिङ ५४.२७, व्यापार ११३.६५, होटल तथा पर्यटन १०७.७६, विकास बैंक २३४.२७, जलविद्युत् १५५.८७, वित्त ११०.७८, निर्जीवन बीमा ५०६.७८, उत्पादन २४४, अन्य ८१.४१, लघुवित्त १८३.७५, जीवन बीमा ५६९.७९, सामूहिक लगानी कोष ०.३६ र लगानी ३.२३ अङ्कले ओरालो लागेको छ।

कारोबारका आधारमा अपि पावर कम्पनी शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ३८ करोड ३४ लाख २४ हजार १५२ बराबरको कारोबार भयो। यस्तै एनआइसी एशिया बैंक रु ३६ करोड ७३ लाख ६४ हजार ५२७, अरुण भ्याली हाइड्रोपावर रु ३० करोड ४९ लाख ६६ हजार ८९५, माथिल्लो तामाकोशी रु २० करोड २६ लाख १३ हजार ५६५ र नेपाल दूरसञ्चार कम्पनी रु १९ करोड ४२ लाख ८७ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार बिन नेपाल लघुवित्तको शेयरमा सकारात्मक सर्किट लागेको छ। बुद्धभूमि नेपाल हाइड्रोपावरको पनि शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। ज्योति लाइफ इन्स्योरेन्स १.८२, गुर्खाज फाइनान्स १.५१, र सानिमा लार्ज क्याप फन्डका लगानीकर्ताले १.५० प्रतिशतले कमाए।

त्यस्तै कर्णाली डेभलपमेन्ट बैंक ७.८२, माउन्टेन हाइड्रो नेपाल ७.७१, आशा लघुवित्त ७.१०, ओरिएन्टल होटल ७.०९ र सामलिङ पावर कम्पनीका शेयरधनीले ६.८८ प्रतिशतले गुमाए।

# सभ्यताको शुभारम्भ

**सुसंस्कारितातर्फ बढौं**

स्काउटिङ, सभ्य र समग्र व्यक्तित्व विनिर्मित गर्नको लागि, छात्रावस्थादेखि प्रारम्भ गरिएको एउटा प्राथमिक चरण बुझ्नुपर्छ। यो शुरूआत हो, यसको पूर्णता त शायद पूरै जीवनमा पनि सम्भव छैन ? त्यस प्रक्रियालाई आगामी जन्म जन्मान्तरसम्म जारी राख्नुपर्छ । पूर्ण पुरुष नै भगवान्को प्रतीक प्रतिनिधि, देवात्मा वा अवतार मानिन्छ । उसको व्यक्तित्व जब चम्कन थाल्छ, तब अनेकानेक विभूति पनि चम्किन थाल्छ। विकसित व्यक्तित्व त्यही पात्रता हो, जसमा गहिरो सरोवरसरह चारैतिरको विशिष्टताको जल भरिँदै जान्छ । त्यो जलाशयले कसरी कतिजनाको भलो गर्छ, यो सबैलाई थाहा छ । जलाशय स्वयं पनि शोभा पाउँछ र प्राणीको हित पनि गर्छ। अग्लो पर्वत शिखरमा बादल स्वयं नै बरफको मोटो परत जमाउन पुग्छ। हिमाच्छादित शिखर प्रकृतिको उच्चस्तरीय सौन्दर्यको प्रतीक हुन्छ । बिस्तारै-बिस्तारै पग्लिएर त्यसले पानीको अजस्र स्रोतद्वारा वनस्पति र प्राणीलाई जीवन दिन्छ ।

वस्तुतः आत्म-निर्माणको प्रतिफलको रूपमा नै अन्तरिक्षबाट दैवी वरदान बर्सिन्छ। शास्त्रकारको यो कथन अक्षरशः सत्य छ कि आफ्नो हंसले नै समर्थ मित्र वा घिनलाग्दो शत्रुको भूमिका सम्पन्न गरिरहन्छ। आत्म-सन्तोष र आन्तरिक उमङ्गको उद्गम केन्द्र पनि यही हो । विभिन्न क्षेत्रको अनेकानेक सफलता-सम्भावना अरू केही होइन, परिष्कृत व्यक्तिको भण्डारमा भरिएको मणि-माणिक्य हो। हेय वा निकृष्ट व्यक्तित्वका व्यक्तिले आएको सुअवसरको पनि लाभ उठाउन सक्दैन। यो कथन सत्य छ कि ईश्वर पनि उनीहरूकै सहायता गर्छ जो आफ्नो सहायता स्वयं गर्न कटिबद्ध रहन्छ। यसै आधारमा एकजनाले स्वर्ग सुख पाउने निमन्त्रण पाउँछ भने अर्को यमपाशमा बाँधिएर नारकीय यातना भोग्छ । यो पक्षपात होइन, वस्तुतः हामी नै दुवै स्थिति उत्पन्न गर्छौं, जानी नजानी स्वयं आग्रह-अनुरोध गर्छौं ।

**युग परिवर्तनः कसरी र कब**

आत्म निर्माणको अर्थ हो-भाग्य निर्माण, भविष्य निर्माण । विकसित अन्तःकरणले फुलेको फूलसरह दैवी अनुदानरूपी माहुरी, पुतलीलाई आकर्षित गर्छ । यस तथ्यलाई बुझ्ने व्यक्ति नै गुह्यविद्या विशारद हो । उसलाई नै त्रिकालदर्शी-दूरदर्शी योगी भन्नुपर्छ । उनीहरूकै पुरुषार्थबाट प्रभावित भएर ऋद्धि-सिद्धि आकाशबाट ओर्लन्छन् र जीवन साधनाका साधकहरूलाई भरिपूर्ण पार्छन् । यस तथ्य र सत्यको उपेक्षा गर्नेहरू जाल-जन्जालमा भटकिरहन्छन् र अनगढ गोरेटोमा ठक्कर खाइरहन्छन्। प्रगतिको राजमार्ग त्यही हो, जसलाई आत्म-सुधार, आत्म-निर्माण र आत्म-विकास आदि नामले जानिन्छ।

यस भाग्योदयको श्री गणेश सभ्यताको शुभारम्भबाट हुन्छ। अध्यापकले स्काउटिङको माध्यमबाट यसलाई छात्रको स्वभावको अङ्ग बनाउने, अभ्यासमा उतार्ने प्रयत्न गर्छ। जीवन विकासको कुनै पनि अभिलाषीलाई यसबाट अपरिचित रहन दिनुहुन्न। यो विषय, शिक्षाको अनिवार्य अङ्ग हुनुपर्छ । बालकक्षामा स्काउटिङ तथा तरुण-प्रौढको लागि सभ्यताको शुभारम्भ, व्यक्तित्वको सर्वतोमुखी परिष्कार-विकासको लागि प्रयुक्त हुनुपर्छ।

यस महाविद्यालयमा प्रवेश गर्नेहरूले स्वयंलाई चुस्त-दुरूस्त राख्न सम्पूर्ण सतर्कता, जागरूकता र प्रयत्नशीलता नियोजित गर्नुपर्छ । यसलाई दैनिक व्यवहारको अङ्ग बनाउनको लागि व्यायाम, श्रम, खेलकूदको प्रक्रिया सधैं नित्यकर्ममा सम्मिलित राख्नुपर्छ । स्काउटिङमा त यो सबै अनिवार्य नै मानिन्छ, अन्यको लागि व्यायामशाला, अखाडा, जिम्नेशियममा पनि यसलाई महत्त्वपूर्ण स्थान दिइएको छ । व्यस्त जीवनमा पनि यो क्रम कुनै न कुनै रूपमा सबैले अँगाल्नुपर्छ । हकी, फूटबल, भलिबलजस्तो सुविधा नभए पनि घुमफिर, दौड, एक ठाउँमा उफ्रिने पिटीजस्तो प्रयोग गर्नुपर्छ । अङ्ग सञ्चालनको लागि आसन स्तरको अन्य थुप्रै प्रयोग छ। यसलाई नियमितरूपले गर्नाले मांसपेशी सुदृढ, रक्तसञ्चारमा नवीनता, फोक्सोमा स्वच्छ वायुको सञ्चारजस्ता शारीरिक लाभ पाइन्छ भने स्फूर्ति, उमङ्ग, साहसजस्तो प्रखरतापरक् सामर्थ्यको पनि अभिवर्द्धन हुन्छ । प्रत्येक प्रतिभासम्पन्नले यसलाई अँगाल्न र आफ्नो सम्पर्कमा भएकाहरूलाई यसका लागि प्रोत्साहित गर्नुपर्छ। यसबाट सैनिक स्तरको तत्परता जन्मिन्छ,जसको सामुन्ने आलस्य टिक्दैन। लाज, सङ्कोच र भीरता आदिको जरैदेखि मासिन्छ । यो सब महात्म्य शारीरिक व्यायाम प्रक्रियाको हो ।

**फोहर अनगढताको चिह्न हो। हेर्नेहरूले पहिलो नजरमैं यो अनुमान लगाउँछन् कि फोहर राख्ने व्यक्ति, मानव गरिमाको प्रथम अनुभवबाट रहित छ। यो एक किसिमको अपमान वा लाञ्छन हो। स्काउटिङको साथ स्वच्छता र सुव्यवस्थालाई अविछिन्नरूपले जोडेर राख्नुपर्छ।**

मानसिक व्यायाममा बुद्धि विकासको लागि समुचित अवसर पाउनुपर्छ । मैनेजर, सुपरिटेन्डेन्टस्तरको प्रतिभा आफूमा विकसित होस्, यसको लागि अवसरलाई दौडेर समात्नुपर्छ र उत्तरदायित्व वहन गर्नको लागि अगाडि बढ्नुपर्छ। अनावश्यक शङ्का, डराएर बस्नु, उत्तरदायित्व बोक्न डराउनु नराम्रो बानी हो । प्रतिभा र प्रखरता छर्न नदिएर आफ्नो श्रम, समय र मनोयोगलाई आफ्नो निश्चित निर्धारित क्रियाकलापको साथ अनवरतरूपले जोड्नुपर्छ । साथै आफ्नो अधिकार क्षेत्रको साधन, उपकरण सुव्यवस्थित, सुसज्जित राख्ने र उपयोगमा ल्याउनुपर्छ। अनावश्यक, अनुपयोगी वस्तुको मरम्मत-सम्भार गरेर उपयोगी बनाउनुपर्छ अथवा कबाडीलाई बेच्नुपर्छ । उपयोगी वस्तु व्यवस्थित हुनुपर्छ। उपयोगमा रहेको वस्तु अवाञ्छनीय हुँदैन । स्वच्छता यसैलाई भनिन्छ।

मानवी सभ्यताको प्रत्यक्ष पक्ष सफाइको साथ अविछिन्नरूपले जोडिएको हुन्छ। फोहरलाई प्रधान दुर्गुण मानिन्छ। कुरूपता यही हो। यसको कारण रोग फैलिन्छ । फोहर अनगढताको पहिलो चिह्न हो। हेर्नेहरूले पहिलो नजरमैं यो अनुमान लगाउँछन् कि फोहर राख्ने व्यक्ति, मानव गरिमाको प्रथम अनुभवबाट रहित छ। यो एक किसिमको अपमान वा लाञ्छन हो । स्काउटिङको साथ स्वच्छता र सुव्यवस्थालाई अविछिन्न रूपले जोडेर राख्नुपर्छ।

# सरकारी काम : ४0 पटक पत्राचार गर्दा पनि निकास शून्य

– नारायण न्यौपाने

काठमाडौं, १० माघ/रासस

नेपालमा सरकारी काम कस्तो ढङ्गबाट चल्छ भन्ने एउटा उदाहरण सरोकारवालासँग पटकपटक छलफल र निर्देशन भए पनि हालसम्म ठोस प्रगति भएको देखिन्न। बन्दरगाह क्षेत्रमा अलपत्र अवस्थामा रहेको डिएपी मलको स्वीस सिङ्गापुर ओभरसिज इन्टरप्राइजेज प्राइभेट लिमिटेडले साल्ट ट्रेडिङ र कृषि सामग्री संस्थानका लागि बोलपत्रमार्फत ल्याएको मल विसं २०७७ जेठमा बङ्गालको खाडीमा आएको आम्फून समुद्री आँधीका कारण भिजेर गुणस्तर खस्किएको थियो। भन्सारले जाँचपास गर्ने क्रममा आयात गरेको २५ हजार टनमध्ये सात हजार ५९१ मेट्रिक टन अर्थात् करीब डेढ लाख बोरामा गुणस्तरको प्रश्न उठाइएपछि मल बेवारिसे बन्न पुगेको हो। भन्सार कार्यालयका अनुसार यसबीच टेन्डर पाएको कम्पनी र आयात गर्ने दुवै संस्थाले मलका लागि समयभित्रै आवश्यक चासो नदिएका कारण मल अलपत्र पर्न गएको हो ।



वीरगंज सुख्खा बन्दरगाहमा अलपत्र अवस्थामा डिएपी मल। तस्वीरः फाइल/प्रतीक

वीरगंज सुख्खा बन्दरगाहमा डेढ वर्षदेखि असरल्ल परेको रासायनिक मलको घटनालाई लिन सकिन्छ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र कृषि सामग्री कम्पनी लिमिटेडले आयात गरेको सात हजार ५९१ मेट्रिक टन मल वीरगंज सिर्सिया सुख्खा बन्दरगाहमा समयमैं व्यवस्थापन हुन नसक्दा अलरल्ल र बेवारिसे अवस्थामा छ। अर्थ र कृषि तथा पशुपक्षी मन्त्रालयबीच मलका सम्बन्धमा ४० पटकभन्दा बढी पत्राचार भए पनि आवश्यक सहयोग र समन्वय नहुँदा मल डेढ वर्षदेखि वातावरण नै प्रदूषित हुनेगरी अलपत्र फ्याँकिएको छ। सुख्खा बन्दरगाहमा रहेका मलका बोराले दुई बर्खा खुला आकाश बेहोरिसकेको छ।

सङ्घीय संसद्को प्रत्यायोजित व्यवस्थापन र सरकारी आश्वासन समितिको अग्रसरतामा पछिल्लो समय उक्त मलको उचित व्यवस्थापनका लागि व्यवस्थापनका सन्दर्भमा प्रत्यायोजित समितिले कृषि, वाणिज्य र अर्थ मन्त्रालयका सचिव तथा कृषि सामग्री र साल्ट ट्रेडिङका पदाधिकारीसँगको छलफलपछि मलको प्रयोग वा वैकल्पिक उपयोग गर्न निर्देशन दिएको थियो ।

अर्थ मन्त्रालयद्वारा एक महीना अघि कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई हस्तान्तरण गर्ने निर्णय त भएको छ तर यसबीच प्रभावकारी पहल भएन। लामो समयसम्म झुलाएर समयमा निर्णय नदिएर बेवास्ता गरेको भन्दै कृषि मन्त्रालयले अर्थको पछिल्लो हस्तान्तरणसम्बन्धी निर्णयलाई सहज स्वीकार गरेको पाइएन । उक्त मलका सम्बन्धमा कृषि र अर्थमन्त्रालयबीच ४० पटकभन्दा बढी पत्राचार भएको कृषि मन्त्रालयका पदाधिकारीले संसदीय समितिलाई जानकारी गराए पनि निकास भने शून्य रह्यो।

संयुक्त अरब इमिरेट्स(युएई) स्थित

अहिले अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य तीन गुणासम्म बढेको छ। मल उत्पादन गर्ने प्रायः देशले आन्तरिक खपत देखाउँदै निर्यात गर्न नचाहेको अवस्थामा भन्सार परिसरभित्र अलरल्ल रहेको मल गुणस्तर केही खस्किएको भए पनि प्रयोग गर्न सकिने विज्ञको मत छ। शुरूआती दिनमा कृषि मन्त्रालय र दुवै आयातकर्ता संस्थानले समस्याको निकासका लागि जोड बल गरेका थिए तर अर्थ मन्त्रालयले हस्तान्तरण गर्ने भनेपछि पछिल्लो समय गुणस्तर, सङ्कलन, व्यवस्थापन र वितरणमा आउन सक्ने झन्झटलाई देखाएर कृषि मन्त्रालय पन्छिन खोजेको देखिएको छ ।

यस अघिभन्सार परिसरमा मल अलपत्र छोडिंदा वातावरणमा प्रतिकूल असर पर्ने, मानवबस्ती र खेतीपातीमा नोक्सान पुग्ने, वरपरका रूख बिरूवा सुक्ने भएकाले समितिले अर्थ मन्त्रालयलाई आवश्यक र उचित निर्णय गर्न निर्देशन दिएको थियो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यसबीच मल आयातमा गुणस्तरको प्रश्न उठाएर कृषि सामग्रीका केही पदाधिकारीमाथि मुद्दा चलाएपछि यो विषय झन् ओझेलमा परेको छ। दुवै संस्थानका पदाधिकारी सुख्खा बन्दरगाहमा रहेको मलको जिम्मेवारी लिंदा फेर अप्ठ्यारोमा परिने हो कि भनी हच्किएको देखिन्छ ।

मुलुकमा किसान मल नपाएर पिरोलिएको बेला अन्तर-मन्त्रालय समन्वय र सहयोग नहुँदा करीब रु एक अर्ब मूल्यको मल लामो समयदेखि प्रयोग हुन नसकेर असरल्ल रहनुले सरकारी काम/कारबाईलाई गिज्याइरहेको छ । मलको शीघ्र व्यवस्थापन नभए गुणस्तर अझ खस्कँदै जानेछ । यस अघि उक्त मल भन्सारले जफत गरेर नष्ट गर्ने निर्णय गरेको भए पनि स्थान र खर्च अभावले रोकिएको थियो ।

समिति सभापति रामनारायण बिडारी भन्छन्-"मल भन्सार आइपुग्दा नै भिजेर आएकोले भन्सार छुटाउने विषयमा विवाद भएछ, पछि ल्याउने र मगाउने दुवै पक्षले सम्पर्क नगरेपछि बेवारिस अवस्थामा रहेको करीब डेढ लाख बोरा मल भन्सारले पनि पन्छाउने क्रममा अलपत्र अवस्थामा देखियो ।"

संसदीय समितिले गत कात्तिकमा

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# अब कोरोना परीक्षण एक्स-रेबाट

अहिलेसम्म कोरोनाको परीक्षण एन्टिजेन, आरटी-पिसिआरबाट हुने गर्दथ्यो तर वैज्ञानिकहरूले अब एक्सरेबाट कोरोनाको पत्ता लगाउन सक्ने नयाँ प्रविधि आविष्कार गरेका छन्।



कोरोना जाँच गर्ने यस नयाँ एक्सरे प्रविधि युनिभर्सिटी अफ वेस्ट स्कटल्यान्डका वैज्ञानिकहरू प्राध्यापक नइम रमजान, गेब्रियल ओकोलो र डा स्टामोस कैटसिगियनिसले विकसित गरेका हुन्। स्कटल्यान्डका अनुसन्धानकर्ताद्वारा विकसित यो एक्सरे-रे प्रविधि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा आधारित छ। यस प्रविधिबाट कुनै पनि व्यक्तिमा कोरोना छ वा छैन भन्ने कुरा केही मिनेटमैं पत्ता लाग्छ ।

अनुसन्धानकर्ताका अनुसार यस प्रविधिमा कोरोना सङ्क्रमित, स्वस्थ व्यक्ति र भाइरल निमोनियाबाट पीडित व्यक्तिको करीब तीन हजार एक्स-रे इमेजको डाटाबेस हुन्छ । ए-आइ आधारित एक्स-रेबाट यी सबै इमेजको स्क्यान गरी सूक्ष्म जाँचबाट तुलना गरिन्छ ।

त्यसपछि एउटा डिप कन्वेन्शनल न्युरल नेटवर्क नामक एआई प्रविधि, एल्गोरिदमको माध्यमबाट भिजुअल इमेजरीको विश्लेषण गरेर यो पत्ता लगाउँछ कि व्यक्ति कोरोनाबाट सङ्क्रमित छ कि छैन। अनुसन्धानकर्ताको दाबी छ एउटा विस्तृत टेस्टिङ फेजमा यो प्रविधिले कोरोना सङ्क्रमण पत्ता लगाउन ९८ प्रतिशत सटीक नतीजा दिएको थियो ।

यो नयाँ प्रविधि विकसित गर्ने तीन व्यक्तिको टीमको प्रमुख प्रा रमजानको भनाइ छ- यो प्रविधि ती देशको लागि फाइदाजनक हुन्छ जहाँ ठूलो सङ्ख्यामा कोरोना टेस्टको लागि जाँच उपकरण उपलब्ध छैन ।

एआई बेस्ट एक्स-रे टेक्नोलोजीबाट कोरोनाको पत्ता केही मिनेटमैं लाग्छ, जबकि उपलब्ध आरटी-पिसिआर रिपोर्ट आउन कमसेकम दुई घण्टा लाग्छ । चाँडै कोरोना डिटेक्ट भएपछि रोगीको उपचारमा मदत पुग्छ ।

प्रा रमजानले भने यो प्रविधि कोरोना पत्ता लगाउन पिसिआर टेस्टभन्दा पनि चाँडै काम गर्छ। ओमिक्रोन फैलिएपछि कोरोना पत्ता लगाउने छिटो छरितो र विश्वसनीय उपकरणको खोजीमा वैज्ञानिकहरू थिए ।

भाइरसको गम्भीर मामिला जाँच गर्ने समय, यो टेक्नोलोजी महत्त्वपूर्ण र सम्भावितरूपले जीवनरक्षक साबित हुन सक्छ, यसबाट चाँडै यो तय गर्न मदत पुग्छ कि बिरामीलाई कस्तो उपचारको आवश्यकता छ ।

यद्यपि उनी भन्छन् एक्सरे प्रविधि पूर्णरूपले पिसिआर टेस्टको स्थान लिन सक्दैन, किनभने सङ्क्रमणको प्रारम्भिक चरणमा कोरोनाको लक्षण एक्सरेमा देखिंदैन । अहिले कोरोना सङ्क्रमण पहिचान गर्न दुईवटा टेस्ट उपलब्ध छ- आरटी-पिसिआर र एन्टिजेन टेस्ट ।

आरटी-पिसिआर टेस्टमा भाइरसको जेनेटिक मैटेरियल पहिचान गरिन्छ। वर्तमानमा कोरोना सङ्क्रमण समात्न यो टेस्टलाई उत्कृष्ट मानिन्छ। आरटी-पिसिआर टेस्टको नतीजा आउन दुई-तीन घण्टा समय लाग्छ ।

रैपिड एन्टिजेन टेस्टमा भाइरसको सरफेसमा प्रोटिनको पहिचानको माध्यमबाट सङ्क्रमण पत्ता लगाइन्छ। एन्टिजेन टेस्टको रिजल्ट आउन १५-३० मिनेट समय लाग्छ । एन्टिजेन टेस्ट रिजल्टलाई सटीक मानिंदैन । यो टेस्टले कैयौंपटक पोजिटिभ व्यक्तिलाई पनि नेगेटिभ बताएको छ ।

आरटी-पिसिआर र एन्टिजेन दुवै प्रकारको टेस्ट बढीजसो केवल यो बताउँछ कि व्यक्ति पोजिटिभ छ वा नेगेटिभ । यो टेस्ट कोरोना भेरिएन्टलाई समात्न सक्दैन । भेरिएन्ट पहिचानको लागि नमूनाको जिनोम सिक्वेन्सिङ नै एकमात्र उपाय हो ।

सन् २०२१ मा भारतमा कोरोना जाँचको लागि एआई आधारित प्रविधि विकसित भएको घोषणा गरिएको थियो । डिफेन्स रिसर्च एन्ड डेभलपमेन्ट अर्गनाइजेशनले एटम्यान एआई नामक एप्लिकेशन सफ्टवेयर विकसित गरेको थियो जुन छाती एक्सरेको माध्यमबाट कोरोनाको जाँच गर्ने एआई आधारित प्रविधि हो । एटम्यान परीक्षणको क्रममा ९६.७३ प्रतिशत सटीक प्रतिफल पाइएको थियो । यो सफ्टवेयर सेन्टर फर आर्टिफिशियल इन्टेलिजेन्स एन्ड रोबोटिक्सले विकसित गरेको थियो ।

### बुस्टर डोज ओमिक्रोनविरुद्ध प्रभावकारी

अमेरिकी हेल्थ एजेन्सी सेन्टर्स फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सिडिसी)ले कोरोना खोपको बुस्टर डोजमाथि तीनवटा ठूलो अनुसन्धान गर्दा फाइजर र मोर्डना कम्पनीको बुस्टर खुराक कोरोनाको नयाँ भेरिएन्ट ओमिक्रोनविरुद्ध ९० प्रतिशतसम्म सफल देखिएको छ ।

यी तीनवटा शोधमा लाखौं कोभिड सङ्क्रमितको तथ्याङ्क अध्ययन गरिएको थियो । अनुसन्धानले भनेको छ- कोरोनाको खोप नलगाउनेहरू नै गम्भीररूपले बिरामी हुँदैछन्। सिडिसीको पहिलो अनुसन्धान अनुसार डिसेम्बर र जनवरीमा लगाइएका बुस्टर डोजको कारण ९० प्रतिशत कोरोना सङ्क्रमित अस्पताल जानु परेन । अहिले अमेरिकामा कोरोनाको ९९ प्रतिशत मामिला ओमिक्रोनको छ । यस अनुसन्धानमा देशका १० राज्यका ८८ हजार कोभिड सङ्क्रमितहरू अस्पतालमा भर्ना भएका थिए। वैज्ञानिकका अनुसार खोपको दोस्रो मात्रा ६ महीनापछि केवल ५७ प्रतिशत मात्र असरदार हुन्छ ।

दोस्रो शोधको नतीजाले भन्छ बुस्टर डोज ओमिक्रोनविरुद्ध असरदार छ । वैज्ञानिकका अनुसार बुस्टर डोज लगाएपछि १ लाख व्यक्तिमध्ये १४९ जनालाई ओमिक्रोन सङ्क्रमण भएको थियो। केवल दुई डोज लिनेहरू १ लाखमध्ये २५५ जना ओमिक्रोनबाट सङ्क्रमित भएका थिए ।

तेस्रो शोधमा बताइएको छ- बुस्टर डोजले ओमिक्रोन सङ्क्रमितहरूलाई रोगी हुनबाट बचाएको छ । सिडिसीका वैज्ञानिकले अमेरिकाको १३ हजार ओमिक्रोन मामिलाको जाँच गर्दा दुई डोज लगाउनेको तुलनामा बुस्टर डोज लगाएका व्यक्तिमा ओमिक्रोनको खतरा ६६ प्रतिशत कम थियो ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा एक दिनमा तीन लाख नयाँ सङ्क्रमित

नयाँ दिल्ली, १० माघ/एएनआई

भारतमा पछिल्लो एक दिनमा तीन लाखभन्दा बढी मानिस कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । सोमवार बिहान सार्वजनिक गरिएको विवरण अनुसार पछिल्लो २४ घण्टामा तीन लाख छ हजार ६४ जना नयाँ सङ्क्रमित भएका हुन ।

अघिल्लो दिनको तुलनामा भने दैनिक सङ्क्रमितहरूको सङ्ख्या घटेको देखिएको छ । यो अघिल्लो दिनभन्दा २७ हजार ४६९ कम हो ।

त्यसैगरी दैनिक परीक्षण पनि घटेको छ । अघिल्लो दिन १८ लाख ७५ हजार ५३३ जनाको परीक्षण गरिएकोमा पछिल्लो २४ घण्टामा १४ लाख ७४ हजार ७५३ जनाको परीक्षण गरिएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अधिकारीहरूका अनुसार भारतमा अहिले सङ्क्रमितहरूको सङ्ख्या २२ लाख ४९ हजार ३३५ छ।


तस्वीरः एजेन्सी

भारतमा कोरोनाका कारण पछिल्लो २४ घण्टामा ४३९ जनाको मृत्यु भएको छ। योसँगै कोरोनाका कारण भारतमा अहिलेसम्म मृत्यु हुनेहरूको सङ्ख्या चार लाख ८९ हजार ८४८ रहेको छ।

त्यसैगरी पछिल्लो एक दिनमा दुई लाख ४३ हजार ४९५ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

एकै अवधिमा नयाँ सङ्क्रमितहरूको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या थोरै रहेकोले सक्रिय सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ। रासस

# आफ्ना कर्मचारीलाई युक्रेन छोड्न अमेरिकाको आदेश

वाशिंगटन, १० माघ/सिन्हवा

अमेरिकाले युक्रेनको दूतावासमा रहेका आफ्ना कर्मचारीलाई युक्रेन छोड्न आदेश दिएको छ।


युक्रेनको सुरक्षा बल, सशस्त्र बलको स्वयंसेवी सैन्य एकाइलाई उक्रेनको कीभस्थित पार्कमा प्रशिक्षण दिइँदै। फोटो : एपी

अमेरिकाको विदेश मन्त्रालयले आइतवार सो आदेश दिएको हो। किभ दूतावासमा रहेका आफ्ना कर्मचारी र उनीहरूका परिवारलाई युक्रेन छोडी स्वदेश फर्किन भनेको बताइएको छ।

पछिल्ला केही हप्ताहरूमा रूस र युक्रेनबीच तनाव बढिरहेका बेला अमेरिका सरकारले युक्रेन छाड्न आफ्ना नागरिकलाई निर्देशन दिएको विभिन्न समाचारमाध्यमहरूले जनाएका छन्।

किभ दूतावासमा कार्यरत कर्मचारी, तिनका परिवारका सदस्य र अत्यावश्यक काम नभएका अन्य कर्मचारीहरूलाई पनि अमेरिकी विदेश मन्त्रालयले युक्रेन छाड्न भनेको छ।

सो दूतावासमा रहेका मात्र नभएर युक्रेनमा रहेका सबै अमेरिकी नागरिकलाई पनि सम्भव भएसम्म युक्रेन छाड्ने विषयमा विचार गर्न अमेरिकाले अनुरोध गरेको छ।

अमेरिकी गुप्तचर रिपोर्टमा रूसले युक्रेनमा आक्रमण गर्ने योजना बनाएको पाइएको बताइएको छ। त्यसैले पनि अमेरिकाले आफ्ना नागरिकहरूलाई उक्त आदेश जारी गरेको बताइएको छ।

उता रूसले भने युक्रेनमा आक्रमण गर्ने योजना नरहेको बताएको छ। रूसले पछिल्ला समयमा अमेरिकाले लगाउँदै आएको सो आरोपको खण्डन पनि गर्दै आएको छ।


तर पनि अघिल्लो महीनादेखि नै रूसले युक्रेनसँग जोडिएको सीमा क्षेत्रमा करीब एक लाख सैनिक तैनाथ गरेको छ। अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले यो कुरा उल्लेख गरेका छन्। रासस

# रात्रि क्लबमा आगलागी हुँदा १६ जनाको मृत्यु

याउन्दे, १० माघ/सिन्हवा

अर्मेनियाको राजधानी शहर याउन्देको एक रात्रिक्लबमा आगलागी हुँदा कम्तीमा १६ जनाको ज्यान गएको छ।

अर्मेनियाका सूचनामन्त्रीले आइतवार भएको सो आगलागीमा परी कम्तीमा पनि १६ जनाको ज्यान गएको जानकारी दिएका छन्।


आगलागीमा परेको रात्रिक्लबको प्रवेशद्वार अगाडि सुरक्षा गार्ड र उक्त बाटो भई हिंड्दै गरेका पदयात्री। फोटो : एएफपी

आइतवार राति सो दुर्घटना भएको बताइएको छ। रात्रि क्लबमा खचाखच मानिसहरू रहेका बेला सो क्लबमा आगो लागेको बताइएको छ।

"सो आगलागीबाट १६ जनाको ज्यान गएको र अरू आठजना घाइते भएका छन्। घाइतेहरूको शरीर जलेको र उनीहरूको अवस्था पनि गम्भीर रहेको छ"–मन्त्री रेने इमानुयल सादीले भने।

मन्त्री सादीका अनुसार अकस्मात् आगो लागेपछि निभाउने प्रयास गर्दागर्दै धेरै मानिसलाई आगोले छोएको थियो।

घटनाबारे थाहा पाउनेबित्तिकै प्रहरी र दमकल टोली पुगेर आगो नियन्त्रणमा लिएका थिए।

आगलागीको बेला क्लबमा एक सयजना जति मानिस थिए। रात्रि क्लबमा प्रायः युवा थिए।

आगो लागेपछि बाहिर निस्किने प्रयासमा रहेका उनीहरूलाई आगोको मुस्लोले छोएको थियो। बाहिर निस्कने द्वार एउटा मात्र रहेकोले पनि धेरै मानिसको ज्यान गएको अनुमान गरिएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुभय |
| मिथुन – चोरभय | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – अस्वस्थता | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

प्लास्टिकको झोला बहिष्कार गरौं
कपडाको झोला प्रयोग गरौं।
वीरगंज महानगरपालिका


# महिला उपमेयरहरू मेयर पदमा लड्न तम्तयार

राकेश यादव, रौतहट ४ माघ/

रौतहटका केही नपाका केही उपमेयर आउँदो स्थानीय चुनावमा मेयर पदमा उठ्ने योजना बनाउन थालेका छन । रौतहट सदमुकाम गौर नगरपालिकाकी उपप्रमुख किरण ठाकुर, जनता समाजवादी पार्टीकी केन्द्रीय सदस्य हुन् । उनी पार्टीको काममा आजभोलि बढी सक्रिय छन्। कार्यकर्ता र पार्टीबाट समर्थन र हौसला पाएपछि उनी आगामी चुनावमा गौर नपामा नगर प्रमुख पदमा लड्ने तयारीमा लागेकी छन्।

"अब पालो हाम्रो हो। हामीले पाँच वर्षसम्म मेयरको चेपुवामा परेर काम गऱ्यौ"–उनले भनिन्–"कार्यकर्ताले अहिले हामीलाई जसरी पनि अघि बढ्नुस् भनेर हौसला दिइरहेका छन्। अबको चुनावलाई अवसरका रूपमा लिएकी छु"– उपमेयर ठाकुरले भनिन्।

यसैगरी गरुडा नगरपालिकाकी उपप्रमुख रङ्गीलादेवी जैसवालको सक्रियता पनि कम छैन। उनी पछिल्लो समय गाउँगाउँ पुगेर मतदाताको साथ र समर्थन खोजिरहेकी छन् । नेपाली काङ्ग्रेसबाट उपप्रमुखमा चुनाव जितेकी जैसवाल अब प्रमुख बन्ने सोचमा छन्। "जनताको साथ र सहयोग लिंदै अघि बढेकी छु। म चुनाव जितेर देखाउँछु"– उनले भनिन्–आउँदो चुनाव हाम्रा लागि अवसर पनि हो।"

कटहरिया नगरपालिकाकी उपप्रमुख नूरजहाँ खातुन पनि पार्टीले आफूलाई मेयरको टिकट दिनेमा विश्वस्त छन्। उनले भनिन्– "जनताको सेवा गर्ने अवसर आउँदै छ।" राजदेवी नगरपालिकाकी उपप्रमुख अंशु सिंह पनि प्रमुख पदको आकाङ्क्षी हुन्। "समयले कस्तो अवस्था बनाउँछ हेरौं"– उनले भनिन्–"तयारी गर्दैछु। जनताले चाहे नहुने कुरा छैन।"

रौतहटमा १८ स्थानीय तह छन्। १७ स्थानीय तहको मेयर पुरुष छन् । जिल्लाको मौलापुर नगरपालिकामा मात्रै महिला मेयर छन्।

# न्यायाधीशको कारको ठक्करले युवकको ज्यान गयो

राजेश केशरीवाल, रक्सौल, १० माघ/


तस्वीरः प्रतीक

बिहारको पूर्वी चम्पारण जिल्लाको सुगौलीमा सवारी दुर्घटनामा परी एकजना युवकको ज्यान गएको छ। ज्यान जानेमा सुगौली थाना अन्तर्गत छगराह गाउँका २२ वर्षीय नथु दास रहेका छन्।

सुगौलीबाट रक्सौलतर्फ आइरहेको एकजना न्यायाधीशको कारले पैदल यात्री दासलाई सुगौली–रक्सौल सडकखण्डको वाटरपार्क नजीकै ठक्कर दिंदा उनको घटनास्थलमैं मृत्यु भएको थियो । घटनापछि गाउँलेले तीन घण्टा चक्काजाम गरेका थिए।

स्थिति साम्य पार्न प्रहरीले आधा दर्जनभन्दा बढी व्यक्तिलाई नियन्त्रणमा लिएको छ । ठक्कर दिने कार न्यायाधीशको भएको सुगौली थानाध्यक्ष विवेक जायसवालले बताए।

# गौरको वक्तव्य कुनै व्यक्तिप्रति लक्षित होइन –मन्त्री यादव

काठमाडौं, १२ माघ/रासस

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले आफ्नो वक्तव्य व्यक्तिगतरूपमा कसैप्रति लक्षित नभएको स्पष्ट पारेकी छन्।

आज विज्ञप्ति जारी गर्दै उनले नागरिकमा भ्रम पर्न गएकोमा दुःख व्यक्त गरेकी छन्।

यसलाई सामान्यरूपमा लिन अनुरोध गर्दै उनले आफू आगामी दिनमा यसप्रति सचेत रहने बताएकी छन्।

मन्तव्यलाई लिएर केही भ्रम फैलिएको भन्दै त्यसप्रति दुःख व्यक्त गरेर उनले आफ्नो भनाइ कसैप्रति हिंसा प्रयोग नगर्ने र कसैलाई उत्तेजित पार्न नभएको बताएकी छन्। वक्तव्यलाई अतिरञ्जित नगर्न पनि उनले विज्ञप्तिमार्फत अनुरोध गरेकी छन्।

मधेस जनविद्रोह, माओवादी जनयुद्ध र जनान्दोलनको सिलसिलामा ज्यानको आहूति दिने वीर शहीदको सम्झनामा प्रत्येक वर्ष माघ ५ गतेलाई 'बलिदान दिवस' का रूपमा मनाउँदै आएको मन्त्री यादवले बताइन् । जनता समाजवादी पार्टीको भ्रातृ सङ्गठन समाजवादी युवा सङ्घले गौरमा श्रद्धाञ्जलीसभा आयोजना गरेको थियो।

सो सभामा दिइएको अभिव्यक्ति कसैप्रति लक्षित, कुनै पूर्वाग्रह वा दुरासयपूर्ण मानसिकताबाट नभई आपसी मुठभेड नगर्न वा हुन नदिन, कुनै हिंसात्मक गतिविधि हुनबाट जोगाउन भएको उनको भनाइ छ।

शान्तिपूर्ण विधि र प्रक्रियाबाटै राजनीतिक गतिविधि गर्ने अभिव्यक्तिलाई पूर्वाग्रहपूर्ण ढङ्गले अपव्याख्या गरेको उनले उल्लेख गरेकी छन्।


मन्त्री रेणुकुमारी यादव

### सरकारी काम : 40 पटक....

वीरगंज सुक्खा बन्दरगाहको निरीक्षणका क्रममा छरिएको अवस्थामा देखेको मलका बोरा अहिले पनि सोही अवस्थामा छ। वषात्मा मल भिजेर बग्दा त्यस क्षेत्रका रूख, बिरुवा र बाली सुकेको र गाउँबस्तीमा वातावरणीय असर पुगेको छ।

सुक्खा बन्दरगाहका प्रमुख भन्सार अधिकृत लालबहादुर खत्रीले पछिल्लो समय अर्थ मन्त्रालयको निर्देशनमा मल कृषि मन्त्रालयलाई हस्तान्तरण गर्न पत्राचार भइसकेको जानकारी दिए। उनले भने–"मल भिजेर गुणस्तरमा प्रश्न उठेकाले ऐन अनुरूप नष्ट गर्नेबाहेक अन्य उपाय थिएन, त्यसैले रोकिएको हो, अहिले कृषिलाई हस्तान्तरण गर्ने निर्देशन भए अनुसार पत्रचार गरिएको छ, तर अहिलेसम्म कुनै प्रगति भएको छैन, मल उही अवस्थामा छ।"

यसबीच आयतकर्ता कम्पनीले मलको गुणस्तर परीक्षण गरेको छ। परीक्षणमा प्रयोगमा ल्याउन सकिने नतीजा प्राप्त भएको जानकारी दिइएको छ। साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका सहायक कार्यकारी निर्देशक पङ्कज जोशीले मलको गुणस्तरमा केही कमी आए तापनि प्रयोग गर्न सकिने प्रतिक्रिया दिए। जोशीले भने–"सबै सरोकारवाला मन्त्रालय र निकायको सहयोग, समन्वय र संलग्नता समयमैं ठीकठीक निर्णय भएमा मलको सदुपयोग गर्न सकिन्छ।"

### इप्रका ठोरीद्वारा गरीब.....

पर्साको सहयोगमा सामुदायिक सेवा केन्द्र, छपकैयाले १८० जना विपन्न, ज्येष्ठ नागरिकहरूलाई कम्बल, टोपी, हाइनेक वितरण गरेको छ। केन्द्रका अध्यक्ष ग्यासुमियाँ ठकुराईको अध्यक्षतामा कपडा वितरण भएको हो।

विपद् व्यवस्थापन समिति, पर्साले जिल्लाभरिका १३ सयजना विपन्न, ज्येष्ठ नागरिक एवं जाडोबाट प्रभावित व्यक्तिलाई न्यानो कपडा वितरण गर्दैआएको छ। विभिन्न संस्था एवं प्रहरी कार्यालयमार्फत् जिल्लाभरि यो कार्य जारी रहेको समितिले जनाएको छ।


## हार्दिक श्रद्धाञ्जलि


स्व. सुरज यादव


स्व. राहुल पटेल

परवानीपुर गाउँपालिका–४ चैनपुरबिर्ता बस्ने राजुप्रसाद यादवको छोरा १५ वर्षीय **सुरज यादव** र सोही ठाउँ बस्ने अम्बिकाप्रसाद पटेलको छोरा १४ वर्षीय **राहुल पटेल**को मिति २०७८ पुस २७ गते सवारी दुर्घटनामा परी अल्पायुमा निधन भएकोमा हामी मर्माहत भएका छौं। दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं।

**गजेन्द्रप्रसाद पटेल (वडाध्यक्ष)**
**परवानीपुर गाउँपालिका-४, चैनपुरबिर्ता एवं वडा कार्यालय परिवार**

# भ्यू टावर जोखिममा, रोकथामको काम भएन

जीतलाल श्रेष्ठ, निजगढ १० माघ/

निजगढ नगरपालिकाको शानको रूपमा रहेको भ्यू टावर पहिरोसँगै ढल्न सक्ने गर्नुपर्ने भनिए पनि निर्माण समितिले भ्यू टावर नजीकको चुरे डाँडा नै काटेर माटो भरेको थियो। यसरी मनपर्दो काम गुणस्तरीय निर्माण कार्य गर्नुपर्ने निजगढ नपाका प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्की बताउँछन् ।



पहिरोको उच्च जोखिममा निजगढ भ्यू टावर। तस्वीरः जीतलाल श्रेष्ठ



भत्किएको ढुङ्गाको पर्खाल



पहिरो जाँदा चिरा परेको स्थान

उच्च जोखिममा पुगेको छ। स्थानीय तह, प्रदेश सरकार अनि सङ्घीय सरकारलाई वर्षायाममा असारे बजेट सिध्याउने चटारो र हतारोले हिउँदमा संरक्षणको काम गर्न बेवास्ता बढेको पाइन्छ ।

गत वर्षको असारे कामको असर त्यसैबेला निजगढ भ्यू टावर क्षेत्रमा देखिएपनि पहिरो रोकथाम अनि निजगढ भ्यू टावर संरक्षणमा बेलैमा ध्यान गएको देखिंदैन ।

निजगढ नगरपालिका-४ बागदेव स्थित निजगढ भ्यू टावर निर्माणसँगै पहिरो रोकथामका लागि लगाइएको पर्खालमध्येको माथिल्लो पर्खाल गत वर्ष निर्माण सम्पन्न नहुँदै भत्किसकेको छ। प्राविधिक र निर्माण समितिको मिलेमतोमा छिटो काम सक्ने र असारे भुक्तानी लिने हतारोका कारण यसको असर त्यसै बेला केही साता नबित्दै देखिएको थियो ।

पर्खाल बनाएर त्यसको मसला सेट नहुँदै स्काभेटर प्रयोग गरेर माटो भर्न थालेपछि भारका कारण पर्खाल भत्किन थालेको थियो । लागत स्टिमेटमा अन्यत्रबाट खुकुलो माटो ल्याई फिलिङ गर्दा भ्यू टावरको दक्षिणतर्फ पहिरो जाँदा भ्यू टावरको धरातलमा ठाउँ/ठाउँमा चिरा परेको छ। अब आकाशे पानी त्यस स्थानमा छिन्यो भने भ्यू टावर ढल्न सक्ने सम्भावना बढी छ ।

चुरे पहाडमा बनाइएको भ्यू टावर आसपासको क्षेत्र निकै संवेदनशील रहेको र असारे बजेटबाट काम गर्दा मध्य वर्षामा पहिरो रोकथाम गर्न लगाइएको पर्खाल नै भत्किन पुग्दा अवस्था के होला सहजै अनुमान गर्न सकिन्छ। प्राविधिकको उच्च निगरानीमा मरम्मत सम्भार गर ाउनुपर्ने शहीद हीरालाल पार्क विकास समिति, निजगढ-४ का अध्यक्ष रमेश अर्यालले बताए ।

भ्यू टावरको काममा प्राविधिकले तयार पारी दिएको लगत-इस्टिमेट अनुसार काम नभएको र सुझाव पनि नमान्दा समस्या निम्तिएको निजगढ नगरपालिकाका इन्जिनीयर रूपेश यादव बताउँछन् ।

प्राविधिकको परामर्श, सल्लाह, सुझावलाई प्राथमिकतामा राख्दै दुवै तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्दै तोकिएको समय सीमाभित्र गुणस्तरीय निर्माण कार्य गर्नुपर्ने निजगढ नपाका प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्की बताउँछन् ।

गत वर्ष पनि यसरी नै पहिरो रोकथामका लागि निर्माण गरिएको पर्खाल भत्किएको थियो। चार वर्ष अघि करीब ५९ लाख ३९ हजारको लागतमा नगर विकास कोषको लगानीमा निजगढ भ्यू टावर निर्माण सम्पन्न भएको हो। गत वर्ष पार्कको सौन्दर्यीकरणका लागि सङ्घीय सरकारबाट ५० लाख, प्रदेश सरकारबाट ५ लाख र निजगढ नगरपालिकाबाट २० लाख गरी कुल ७५ लाख रकम प्राप्त भएको छ। उक्त रकम खर्च भइसके पनि निर्माण कार्यले गति लिन सकेको छैन ।

तर अध्यक्ष रमेश अर्याल भने प्राप्त रकमबाट पार्क निर्माणको कामले गति लिएको बताउँछन् । गुरुयोजना तयार गरी आधुनिक पार्कको रूपमा विकास गर्न निजगढ-४ वडा कार्यालयले यस वर्ष ५ लाखको लागतमा डिपिआर तयार गरिसकेको वडाअध्यक्ष जयराम कुमरले बताए । अब, निर्माण गर्नुपर्ने संरचना, सौन्दर्यीकरण डिपिआरले निर्धारित गरे अनुसार गर्नुपर्ने उनले बताए। डिपिआर अनुसार सम्पूर्ण काम सम्पन्न गर्न ६ करोडभन्दा बढी लाग्ने अनुमान छ ।

# बढी भोल्टेजका कारण विद्युतीय उपकरण जल्यो

प्रस, सेढवा १० माघ/

नेपाल विद्युत् प्राधिकरणका कर्मचारीको लापरवाहीका कारण उपभोक्ताहरूले क्षति बेहोर्नुपरेको गुनासो गरेका छन् ।

विद्युत् प्राधिकरणको जीराभवानी गाउँपालिका-२ सेढवामा रहेको सबस्टेशन सञ्चालन गरी शनिवार साँझ ७ बजे विद्युत् प्रवाह गर्ने क्रममा वडा नं १, शान्तिनगरका दर्जनौ उपभोक्ताको घरको विद्युतीय उपकरण शर्ट भएको थियो ।

स्थानीय तिलकबहादुर श्रेष्ठका अनुसार अत्यधिक भोल्टेजका कारण अधिकांश घरको विद्युत् उपकरण शर्ट भएर जलेको बताए । बढी भोल्टेजको कारण एलइडी चिम, टेलिभिजन, मोबाइल चार्जर, डिसको सेटअप बक्स, पानी तान्ने मोटर जलेको श्रेष्ठले बताए।

शनिवार दिनभरि विद्युत् नभएको र राति बढी भोल्टेजको कारण दर्जनौं मानिसको विद्युत् उपकरण जलेर नष्ट भएको चक्रबहादुर श्रेष्ठले बताए । अत्यधिक भोल्टेजको कारण कटानी पिसानी गर्ने मिलहरूमा समेत क्षति पुगेको उनले बताए ।







वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता र सेवाप्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावलीबमोजिम कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## डिफेन्डिङ च्याम्पियन सङ्कटालाई हराउँदै मच्छिन्द्र आहा ! रारा गोल्डकपको सेमिफाइनलमा

कास्की, १० माघ/रासस

साबिक विजेता सङ्कटा फूटबल क्लबलाई फराकिलो गोल अन्तरले हराउँदै मच्छिन्द्र फूटबल क्लब पोखरामा जारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर्क्लब आमन्त्रित 'आहा ! रारा गोल्ड कप' फूटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।



तस्वीरः रासस

सहारा क्लब पोखराको आयोजनामा यही माघ ६ गतेदेखि पोखरा रङ्गशालामा जारी प्रतियोगिताको आज सम्पन्न तेस्रो क्वार्टरफाइनलमा शहीद स्मारक 'ए' डिभिजन लिगको डिफेन्डिङ च्याम्पियन मच्छिन्द्रले मेसुके ओलुमोउको उत्कृष्ट दुई गोलको मदतमा आहा ! राराको डिफेन्डिङ च्याम्पियन सङ्कटालाई ४-१ गोल अन्तरले पराजित गरेको हो ।

टोलीका महत्त्वपूर्ण आधा दर्जन खेलाडी राष्ट्रिय फूटबल टोलीको बन्द प्रशिक्षणमा सहभागी भएपछि मच्छिन्द्र दोस्रो रोजाइका खेलाडी लिएर मैदानमा उत्रेको थियो। खेलमा मच्छिन्द्रले पहिलो हाफमा एक र दोस्रो हाफमा तीन गोल गऱ्यो। सङ्कटाले दोस्रो हाफमा एक गोल फर्कायो ।

शुरूआतमा डिफेन्डिङ च्याम्पियन सङ्कटाले मच्छिन्द्रलाई दबाबमा राखे पनि गोल गर्न सकेको थिएन। खेलको १३ औं मिनेटमा मच्छिन्द्रले उत्सव राईको गोलबाट खेलमा अग्रता बनायो। पेनाल्टी क्षेत्र नजीकबाट राईको शक्तिशाली प्रहार सीधै गोलमा परिणत भएको थियो ।

पहिलो हाफमा १-० को अग्रता बनाएको मच्छिन्द्रले खेलको ४७ औं मिनेटमा अग्रता दोब्बर बनायो । अभिषेक रिजालको क्रसपासमा पेनाल्टी क्षेत्रमा अनमार्क रहेका मेसुकेले दुई रक्षापङ्क्तिका खेलाडी र गोलकीपरलाई छकाएर गोल गर्न सफल भएका थिए। दोस्रो हाफमा मैदानमा उत्रेका सङ्कटाका वैकल्पिक खेलाडी गणेश हमालले खेलको ६३औं मिनेटमा कर्नरमा आएको बललाई हेडमार्फत गोल गर्दै सङ्कटालाई लयमा फर्काउने प्रयास गरे पनि त्यो सफल हुन सकेन ।

मच्छिन्द्रका अभिषेक गुरुङले ८४ औं मिनेटमा गोल गर्दै टोलीको अग्रता बढाए। फ्री कीकमा गोलकीपरबाट रिवाउन्ड बललाई नियन्त्रणमा लिंदै उनले गोल गरे ।

खेलको 'म्यान अफ दी म्याच' घोषित मच्छिन्द्रका मेसुकेले ८६औं मिनेटमा व्यक्तिगत दोस्रो तथा टोलीका लागि चौथो गोल गर्दै अन्तर फराकिलो बनाए। नाथानिल जुडे गार्सियाको पासमा मेसुकेले गोल गरेका थिए ।

मच्छिन्द्र राजधानीमा जारी शहीद स्मारक 'ए' डिभिजन लिगको शीर्ष स्थानमा यथावत् छ। मच्छिन्द्र एएफसी एशियन कपमा नेपालको प्रतिनिधित्व गर्दै छनोट भएको छ। प्रतियोगितामा अब मच्छिन्द्रले फाइनल प्रवेशका लागि बुधवार सशस्त्र प्रहरीको एपिएफ फूटबल क्लबसँग खेल्नेछ ।

प्रतियोगिता अन्तर्गत चौथो तथा अन्तिम क्वार्टरफाइनलमा मङ्गलवार श्री स्टार फूटबल क्लब र नेपाली सेनाको विभागीय त्रिभुवन आर्मी फूटबल क्लबबीच खेल हुने आयोजकले जनाएको छ ।

आगामी माघ १५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले रु १० लाख एक हजार र उपविजेताले रु पाँच लाख एक हजार पुरस्कार प्राप्त गर्ने आयोजक सहारा क्लबका अध्यक्ष हरिराम गुरुङले जानकारी दिए ।

# पर्सा प्रहरीको युवकमाथि ज्यादति

प्रस, वीरगंज, ९ माघ/

पर्सा प्रहरीले एकजना युवकमाथि ज्यादती गरेको छ। धनुषा, लक्ष्मिनिया गापा-३ बनिगावा घर भई हाल वीरगंज-१४ पिपरामा बस्दै आएका ३० वर्षीय सन्तोष यादवमाथि सवारी दुर्घटनाको सम्बन्धमा ज्यादती गरेको परिवारजनको गुनासो छ ।

निजका बुवा रामवरण यादवले पर्सा प्रहरीले आफ्नो नजीकका आफन्तलाई बचाउन छोरामाथि ज्यादती गरेको आरोप





पर्सा प्रहरीले ज्यादति गरेको युवक सन्तोष र प्रहरीबारे गुनासो गर्दै सन्तोषका पिता। तस्वीरः प्रतीक

लगाए । मुद्दा शाखाका प्रहरी नायब निरीक्षक शैलेन्द्र खड्काकी पत्नी चढेको प्रदेश १-०१-०२२च ०५२७ नम्बरको कारले माघ ३ गते दिउँसो सवा २ बजे रक्सौलबाट किनमेल गरी वीरगंज फर्किने क्रममा रक्सौलबाट मोबिल खरीद गरी ना १०प १६८७ नम्बरको निजी मोटरसाइकलमा वीरगंज आइरहेको अवस्थामा रजतजयन्ती चोक नजीकै ओभरटेक गर्ने क्रममा कारले मोटरसाइकलको साइलेन्सर छोएको थियो। त्यति बेला कार मुद्दा शाखाका सई खड्काका सालोले चलाइरहेका थिए। उनको लाइसेन्स पनि छैन । तर प्रहरी नायब निरीक्षकको सालो भएको कारण ठूलो सवारीले मोटरसाइकललाई ठक्कर दिंदा पनि इनर्वा प्रहरीले सन्तोषलाई लाठीले हानेर घाइते पनि बनाएको थियो। लाठी प्रहार रोक्न खोज्दा सन्तोषको हात पनि काटिएको छ ।

त्यसपछि इनर्वा प्रहरीले केही घण्टा निज सन्तोषलाई त्यहीं थुनामा राख्यो । छोरालाई छोडाउन बुवा रामवरण चौकीमा जाँदा उनलाई प्रहरी भ्यानमा राखेर छोरासहित जिल्ला प्रहरी कार्यालय, पर्सा ल्याइएको थियो । सन्तोषलाई हतकडी लगाएर ल्याइएको थियो । सन्तोषलाई मङ्गलवार राति ३० घण्टापछि मात्र रिहा गरिएको थियो। मोटरसाइकल अहिले जिल्ला प्रहरीकै नियन्त्रणमा छ ।

कारको अगाडिको बायाँ साइडमा स्क्रेच लागेकोले कारधनीले १५ हजार नदिए मोरटसाइकल नदिने भनेर धेरै हैरान पारे ।

छोरालाई लागू औषध मुद्दामा पनि फसाउने धम्की दिइरहेको उनले गुनासो गरेका छन्। यस विषयमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालसँग बुझ्दा युवकको गल्तीको कारण कारमा क्षति पुगेकोले क्षतिपूर्ति नबेहोरेसम्म मोटरसाइकल नछोड्ने प्रतिक्रिया दिए ।